तीर्थ

सदस्यको सहकारी सदस्यको सेवामा

बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Tirtha Saving & Credit Cooperative Society Ltd.

"गुणस्तरीय वित्तिय सेवा सहितको दीगो व्यवसायिक साकोस "




# १३ औं


## साधारण सभामा प्रस्तुत

# वार्षिक प्रतिवेदन


## २०७९/८०




Revenue




Balance Sheet Portfolio




Target Achievements

आबद्धता


Contact Us

01-4590638 / 01-4562989

tirthasaccos@gmail.com

Kathmandu-7, Mitrapark, Chabahil

www.tirthasaccos.coop.np

# सल्लाहकारहरु



क्षेत्र कुमार श्रेष्ठ
प्रशासनिक सल्लाहकार



पुष्कर रन्जितकार
वित्तीय सल्लाहकार



सुदिप नेपाल
कानुनी सल्लाहकार

# संचालक समिति



अनन्त श्रेष्ठ
अध्यक्ष



दल बहादुर श्रेष्ठ
उपाध्यक्ष



सिम्रन थपलिया
सचिव



प्रविण के.सी.
कोषाध्यक्ष



अनहोतिलाल पण्डित
सदस्य



हरि बहादुर श्रेष्ठ
सदस्य



उज्वल चालिसे
सदस्य

# लेखा समिति



महेन्द्र बहादुर श्रेष्ठ
संयोजक



महमुद आलम
सदस्य



रुपलाल खत्री
सदस्य

तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Tirtha Saving & Credit Cooperative Society Ltd.
सदस्यको सहकारी सदस्यको सेवामा

# विषय सुची

| क्र.स. | शीर्षक | पेज |
|---|---|---|
| १. | आ.ब. २०७९/०८० का वित्तीय झलकहरु | १ |
| २. | सहकारीको प्रगति विश्लेषण | २ |
| ३. | अध्यक्ष ज्यूको प्रतिवेदन र प्रस्तावित कार्यक्रम | ५ |
| ४. | सचिव ज्यूको प्रतिवेदन | २५ |
| ५. | कोषाध्यक्ष ज्यूको प्रतिवेदन | ३१ |
| ६. | लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | ३६ |
| ७. | लेखा परीक्षण प्रतिवेदन | ३८ |
| ८. | सहकारीका सिद्धान्तहरू | ६० |
| ९. | सहकारीका मूल्य र मान्यता | ६२ |
| १०. | सुझाव तथा सल्लाह टिपोट | ६४ |

तीर्थ बचत तथा ऋण सहकारी संस्था लि.
Tirtha Saving & Credit Co-operative Ltd.
आवद्धता नेफ्स्कून

मिति : २०८०/०९/०६

प.सं. २०८०/०८१
च.नं. ०९०

श्री सम्पूर्ण शेयर सदस्य ज्यूहरु,

विषय : १३ औं वार्षिक साधारण सभा समापन कार्यक्रममा उपस्थित हुने बारे ।

उपरोक्त सम्बन्धमा यस तीर्थ बचत तथा ऋण सहकारी संस्था लि. को. १३ औं वार्षिक साधारण सभामा निम्न मिति, स्थान र समयमा बस्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

प्रस्तावहरु :
१) संचालक समितिको अध्यक्ष ज्यूको वार्षिक प्रतिवेदन छलफल तथा पारित गर्ने सम्बन्धमा ।
२) संचालक समितिको सचिव ज्यूको प्रतिवेदन माथि छलफल तथा पारित गर्ने सम्बन्धमा ।
३) लेखा समितिको प्रतिवेदन माथि छलफल तथा पारित गर्ने सम्बन्धमा ।
४) आ.व.२०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिकको निर्धारण गर्ने सम्बन्धमा ।
५) आ.व. २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
६) संचालक समितिको कोषाध्यक्ष ज्यूको नीति, कार्यक्रम, बजेट छलफल तथा पारित गर्ने सम्बन्धमा ।
७) संस्थाको नीतिहरु अनुमोदन गर्ने सम्बन्धमा ।
८) संस्थाको विनियम संसोधन गर्ने सम्बन्धमा ।
९) उपनिर्वाचन गर्ने सम्बन्धमा ।
१०) वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
११) विविध ।

कार्यक्रम :
मिति : २०८० साल पुस २१ गते शनिबार
स्थान : जुम क्याफे, चाबहिल (काठमाण्डौं)
समय : बिहान ११:०० बजे देखि दिउँसो ०१:०० बजे सम्म
फोन नं. : ०१-४५९०६३८, ०१-४५६२९८९

Simran Thapaliya
(सचिव)
सिम्रन थपलिया

तीर्थ
सदस्यको सहकारी सदस्यको सेवामा

बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Tirtha Saving & Credit Cooperative Society Ltd.


# आ.ब. २०७९/०८० का वित्तीय झलकहरु

| | | |
|---|---|---|
| ↓ शेयर पूँजी ३.०५ % | ↓ कुल निक्षेप ९.०५ % | ↓ कर्जा लगानी १२.२६% |
| ↑ सदस्य संख्या १९.६४% | ↓ ब्याज आम्दानी ४७.०९% | ↑ ब्याज खर्च ३.३५% |
| ↑ कर्मचारी तथा कार्यालय संचालन खर्च ६०.०१ % | ↓ कर्मचारी संख्या ७.१ % | ↑ कर्जा नोक्सानी व्यवस्था ३१.३३% |


तीर्थ
सदस्यको सहकारी सदस्यको सेवामा
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Tirtha Saving & Credit Cooperative Society Ltd.

# सहकारीको प्रगति विश्लेषण
# आ.व. २०७९/०८० सम्म


## सदस्य सङ्ख्या





## शेयर पूंजी




## कर्जा लगानी


80,000,000
60,000,000
40,000,000
20,000,000
0
रु
आ. व. २०७४/०७५
आ. व. २०७५ /०७६
आ. व. २०७६ /०७७
आ. व. २०७७/०७८
आ. व. २०७८/०७९
आ. व. २०७९/०८०


## निक्षेप


60,000,000
40,000,000
20,000,000
0
रु
आ. व. २०७४/०७५
आ. व. २०७५ /०७६
आ. व. २०७६ /०७७
आ. व. २०७७/०७८
आ. व. २०७८/०७९
आ. व. २०७९/०८०

## कर्मचारी सङ्ख्या




## कर्जा नोक्सानी व्यवस्था



तीर्थ
सदस्यको सहकारी सदस्यको सेवामा
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Tirtha Saving & Credit Cooperative Society Ltd.

## तेह्रौ वार्षिक साधारण सभा समक्ष संचालक समितीको तर्फबाट अध्यक्ष अनन्त श्रेष्ठको प्रतिवेदन

आदरणीय शेयरधनी सदस्य महानुभावहरु,
यस तीर्थ बचत तथा ऋण सहकारी संस्था लि. को वार्षिक साधारण सभामा उपस्थित प्रमुख अतिथि ज्यू, विभिन्न क्षेत्रबाट पाल्नुभएको अतिथि ज्युहरु, शेयर सदस्य तथा हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नु हुने संस्थाका शुभचिन्तक तथा शुभेच्छुकहरुमा संस्थाको संचालक समितिको तर्फबाट एवं मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अविभादन व्यक्त गर्न चाहान्छु ।

सदस्यज्यूहरु, विश्वव्यापी रुपमा मानिसको आर्थिक, सामाजिक, साँस्कृतिक तथा प्राविधिक पक्षको र समग्र समाज सुधारको लागि सहकारीको औचित्य पुष्टि हुदै गइरहेको परिपेक्षमा तीर्थ बचत तथा ऋण सहकारी संस्था लि. को तेह्रौ वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि यहाँ उपस्थित हुन पाउँदा अत्यन्त हर्षित भएका छौं ।

बजारमा वित्तिय कारोवार गरिरहेको बैंक तथा ठुला वित्तिय संस्थाहरुको पहुँच भन्दा बाहिर रहेका तर वित्तिय सेवाको खोजिमा रहेको व्यक्तिहरुलाई सदस्यको रुपमा संस्थामा सहभागि गराउंदै सहकारीको सिद्धान्त अनुसार छरिएर रहेको स-साना पूँजी संकलन गरि सदस्यहरुलाई व्यवसायिक क्षमताको आधारमा कर्जा प्रवाह गरी आर्थिक रुपमा सवल र सक्षम बनाई सहकारी मुल्य तथा मान्यतामा आधारित एक सशक्त वित्तिय संस्था हुने परिकल्पना तथा दृष्टिकोणका साथै राज्यमा विद्यमान गरिवी तथा बेरोजगारी समस्या समाधानमा टेवा पुर्याउने अभिप्रायले २०६७ भाद्र २३ गते स्थापना भएको यस संस्था आज तेह्रौ वर्षको दौडानमा छ । सदस्य महानुभावहरुलाई वर्षको ३६५ दिन नै विभिन्न वित्तिय सेवाहरु बचत, ऋण, रेमिटान्स, बीमा, डिपि उपयोगिता भुक्तानी मोबाइल बैंकिङ, एसएमएस बैंकिङ, घरदैलो सेवा आदि प्रदान गरि आफ्नो उद्देश्य र परिकल्पना पुरा गर्दै एक प्रतिष्ठित वित्तिय संस्थाको रुपमा अगाडी बढेको कुरा सर्व विदितै छ ।

मुलुक विगतको केहि वर्ष देखि कोरोना भाईरसको महामारीको कारण निषेधाज्ञाको अवस्थाले सृजित विषम परिस्थिति र आर्थिक मन्दीले सहकारी क्षेत्रमा निम्त्याएको समस्याहरुबाट गुज्रिदै गर्दा संस्थाले सरकारको कानुन, विश्व स्वास्थ्य संगठनले जारी गरेको स्वास्थ्य सुरक्षा मापदण्ड, सहकारी संघहरुको मार्गनिर्देशन र संचालक समितिले पारित गरेको जोखिम व्यवस्थापन कार्यविधिको पालना गर्दै महामारी र विश्वब्यापी भएको आर्थिक मन्दीको अवस्थामा पनि सुरक्षित रहि सदस्य सेवालाई निरन्तरता दिएको कुरा अवगत नै छ । प्रतिकुल परिस्थितिमा पनि अग्रपक्तिमा रहेर सदस्यहरुको सेवामा खटिने कर्मचारी परिवार, नियमित सम्पर्क र सहकार्य गरि रहने समिति, उपसमिति तथा सल्लाकार समिति साथै संस्थालाई सधै माया गरिरहनुहुने सदस्य महानुभावहरु, हामिलाई मार्गनिर्देशन गर्ने सहकारीका संघ, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार प्रति हार्दिक आभार प्रकट गर्दछु ।

## संस्थाका समिति तथा विभिन्न उपसमितिहरु :-

| संचालक समिति | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | अनन्त श्रेष्ठ | अध्यक्ष |
| २. | दल बहादुर श्रेष्ठ | उपाध्यक्ष |
| ३. | सिम्रन थपलिया | सचिव |
| ४. | प्रविन के.सी. | कोषाध्यक्ष |
| ५. | अन्होती लाल पण्डित | सदस्य |
| ६. | उज्वल चालिसे | सदस्य |
| ७. | हरि बहादुर श्रेष्ठ | सदस्य |

| लेखा समिति | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | महेन्द्र बहादुर श्रेष्ठ | संयोजक |
| २. | महमुद आलम | सदस्य |
| ३. | रुपलाल खत्री | सदस्य |

| सल्लाहकार | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | पुष्कर रन्जितकार | वित्तीय सल्लाहकार |
| २. | क्षेत्र कुमार श्रेष्ठ | प्रशासनिक सल्लाहकार |
| ३. | सुदिप नेपाल | कानुनी सल्लाहकार |

| ऋण लगानी उपसमिति | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | दल बहादुर श्रेष्ठ | संयोजक |
| २. | तीर्थ बहादुर राना | सदस्य |
| ३. | मोहन नारायण श्रेष्ठ | सदस्य |

| ऋण असुली उपसमिति | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | प्रविन के.सी. | संयोजक |
| २. | गणेश दंगाल | सदस्य |
| ३. | अमित कुमार श्रेष्ठ | सदस्य |

| शिक्षा उपसमिति | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | सिम्रन थपलिया | संयोजक |
| २. | रञ्जित कुमार चौधरी | सदस्य |
| ३. | निरु थापा मगर | सदस्य |

| बजार प्रवर्द्धन उपसमिति | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | अन्होती लाल पण्डित | संयोजक |
| २. | पवन कुमार श्रेष्ठ | सदस्य |
| ३. | दिनेश ओली | सदस्य |

| महिला उपसमिति | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | सिम्रन थपलिया | संयोजक |
| २. | मेघा तिमल्सिना | सदस्य |
| ३. | निरु थापा मगर | सदस्य |

| युवा परिचालन उपसमिति | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | हरि बहादुर श्रेष्ठ | संयोजक |
| २. | तिर्थ बहादुर राना | सदस्य |
| ३. | गणेश दंगाल | सदस्य |

| अध्ययन अनुसन्धान उपसमिति | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | उज्वल चालिसे | संयोजक |
| २. | दुर्गा प्रसाद श्रेष्ठ | सदस्य |
| ३. | सुनिल थपलिया | सदस्य |

| पदपूर्ति उपसमिति | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | अनन्त श्रेष्ठ | संयोजक |
| २. | युनान कार्की | सदस्य |
| ३. | बोधराज थापा | सदस्य |

## संस्थाका कर्मचारीहरु :-

| कर्मचारीहरु | | |
|---|---|---|
| सि.नं. | नाम | पद |
| १. | युनान कार्की | प्रमुख व्यवस्थापक |
| २. | बोधराज थापा | प्रबन्धक |
| ३. | दुर्गा प्रसाद श्रेष्ठ | बजार विभाग प्रमुख |
| ४. | स्वस्तिका वाईवा | जु. लेखा अधिकृत |
| ५. | युनिता कार्की | रिसेप्सनिस्ट |
| ६. | सन्देव तामाङ | कार्यालय सहायक |
| ७. | सुवन तामाङ | कनिष्ठ कार्यालय सहायक |
| ८. | लक्ष्मी खड्का | बजार प्रतिनिधि |
| ९. | सबिन तामाङ | बजार प्रतिनिधि |
| १०. | सुदर्शन राउत | जु. बजार प्रतिनिधि |
| ११. | परु राई | जु. बजार प्रतिनिधि |
| १२. | सन्ध्या थापा मगर | कार्यालय सहयोगी |
| १३. | यमु दाहाल | प्राविधिक |

गत आ.व. २०७९/०८० का लागि प्रस्ताव गरिएका वित्तीय तथा गैर–वित्तीय कार्यक्रमहरूको कार्यान्वयन प्रगति समग्रमा सन्तोषजनक रहन गयो । कोरोना भाइरसको महामारीका र बजारमा देखिएको आर्थिक मन्दीको कारण वित्तीय तथा गैर–वित्तिय कार्यक्रमहरूमा आंशिक उपलब्धि हासिल हुन पुगेको छ । यस तीर्थ बचत तथा ऋण सहकारी संस्था लि. को व्यवसायिक योजनाले निर्धारण गरेका परिकल्पना, ध्येय र उदेश्यहरू यस प्रकार रहेका छन् :-

परिकल्पना (Vision) :-
"गुणस्तरीय वित्तिय सेवा सहितको दीगो व्यवसायिक साकोस"

ध्येय (Mission) :-
"सुसुचित नेतृत्व एवं शुसासित व्यवस्थापनले नीति, विधि र प्रविधिको प्रयोग मार्फत सदस्य तथा समुदायका लागि गुणस्तरिय वित्तिय सेवाको माध्यमबाट खुसि तथा समृद्ध बनाउने ।"

उद्देश्यहरु (Objectives) :-

### १) सदस्य केन्द्रीय

- आधुनिक पद्धति अनुसार सदस्यहरुलाई सेवा प्रदान गर्ने ।
- सदस्य सेवा केन्द्र विस्तार गरि सम्पूर्ण सदस्यहरुलाई सेवा प्रदान गर्ने ।
- सदस्यहरुका परिवर्तित आवश्यकताहरु पुरा गर्ने ।
- उपयुक्त वित्तिय विश्लेषणले वित्तिय स्रोतको पहिचान गरि सदस्यहरुलाई उपलब्ध गराउने ।
- सहकारी मार्फत पूँजी परिचालन गरि रोजगारी बृद्धि गर्ने । (ऋण प्रवाह)
- सदस्यहरुलाई शिक्षा, तालिम र कार्यशाला गोष्ठीद्धारा क्षमता विकास गर्ने ।

### २) संस्थागत विकास

- संस्थाको कार्यक्षेत्रको जनसंख्यामा अधिकतम पहुँच पुऱ्याउने ।
- संस्थाको सेवाहरुलाई विविधिकरण गरि विभिन्न उमेर समुह तथा लैङ्गिक रुपमा समान सहभागिता गराउने ।
- विभिन्न वित्तिय सुचकहरुको वृद्धि गर्दै वित्तिय शुद्धता कायम गर्ने ।
- मानव संसाधन निति अनुसार कर्मचारी छनौट, विकास र परिचालन गर्ने ।
- नविनतम् प्रविधि युक्त सदस्य मैत्री कार्यालय व्यवस्थापन गर्ने ।

### ३) सामुदायिक उत्तरदायित्व

- विभिन्न शिक्षा, तालिम र कार्यशाला आयोजना गरि भावी सदस्यहरुलाई सहभागि गराउने ।
- दिगो विकास लक्ष्य प्राप्तीका लागि प्रभावकारी भूमिका निर्वाह गर्ने ।

### ४) संस्थागत दिगोपना

- युवाहरुको सहभागिता बढाई, क्षमता विकास गरि नेतृत्वको पहुँचमा पुऱ्याउने ।
- सदस्यहरुलाई उत्पादन वृद्धिमा सहयोग गर्न आवश्यक ज्ञान, सीप र ऋण प्रदान गर्ने ।
- कम आयस्तरका सदस्यहरुलाई न्युनतम लागतमा वित्तिय सहयोग गर्ने ।

# Core Values - मुल्य र मान्यता

| | |
|---|---|
| व्यवसायिकता | नतिजा मुखी |
| स्व मालिक | सदस्य केन्द्रीत |
| ईमान्दारिता | एकता |
| समानता र समता | |

## SWOT ANALYSIS

| सबल पक्ष (Strength) | कमजोर पक्ष (Weakness) |
|---|---|
| १. बचत/शेयर वृद्धि<br>२. वृद्धिको अवस्था<br>३. सेवामा विविधिकरण<br>४. सदस्य विविधिकरण<br>५. नयाँ खोज तथा अनुसन्धान<br>६. सेवामा विविधिकरण<br>७. सेवा विस्तार गर्ने सम्भावना भएको कमजोर बजार क्षेत्र<br>८. सदस्यको आवश्यक्ताको पहिचान<br>९. सेवा विकासका लागि लक्षित सदस्य र सम्भाव्य सदस्यसंगको छलफल तथा सुझाव संकलन<br>१०. प्रतिष्पर्धीको तुलनामा आफ्नो स्थान राम्रो रहेको<br>११. कर्मचारीको पर्याप्त जाँच, तालिम, पर्यवेक्षण र मूल्याँकन<br>१२. व्यवस्थनपनका लागि आवश्यक भौतिक उपकरण<br>१३. संस्थाको आन्तरिक निति, कार्यविधि र योजनाको अवस्था<br>१४. संचार तथा सुचनाको अवस्था<br>१५. सुसाशनको अवस्था<br>१६. कार्यालय भवन, कार्यकक्ष र कार्यालय उपकरणको अवस्था | १. भाका नाघेको ऋण<br>२. तरलता व्यवस्थापन<br>३. नकमाउने सम्पत्तिको अवस्था<br>४. नाफाको अवस्था<br>५. उत्पादन तथा सेवाको प्रयोग कम<br>६. स्रोत साधनको उच्चतम प्रयोग<br>७. कार्यक्षेत्रको जनसंख्यामा संस्थाको पहँच ३० प्रतिशत भन्दा कम<br>८. व्यवस्थापकलाई पर्याप्त अधिकार, उत्तरदायी र सीप<br>९. संचालक समितिको आफ्नो कामको लागि पर्याप्त क्षमता<br>१०. स्व.मूल्याङ्कनको अवस्था<br>११. अन्य आवश्यक सामाग्री व्यवस्थापन |

| अवसरहरु (Opportunities) | बाधाहरु (Threats) |
|---|---|
| १. बजारमा संस्थाको स्थान र दृश्य<br>२. सामाजिक मूल्य मान्यता<br>३. प्रविधिको अवस्था<br>४. कानुनी अवस्था | १. राजनितिक अवस्था<br>२. आर्थिक अवस्था<br>३. कानुनी अवस्था |

हामीले सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्ने पद्धतिलाई जोड दिँदै उपलब्ध पुँजी परिचालन र सो को प्रतिफल शेयर सदस्यसम्म पुर्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौं । हाल संस्थाले निम्नानुसारका बचत तथा ऋणका सेवाहरू सञ्चालन गरिरहेको छ ।

<u>बचतका सेवाहरू</u> :

क) साधारण बचत
ख) विशेष बचत
ग) नारी बचत
घ) रेमिट बचत
ङ) पर्व बचत
च) व्यवसाय बचत
छ) तीर्थ उत्कृष्ट बचत
ज) बाल शैक्षिक बचत
झ) क्रमिक अवधि बचत
ञ) लखपति बचत
ट) भ्रमण तथा तीर्थटन बचत
ठ) दिगो भविष्य बचत
ड) तीर्थ बिमा बचत
ढ) अनिवार्य नियमित बचत
ण) शेयर लगानी बचत
त) बाल उज्वल तथा सुपर पेन्सन बचत
थ) आवधिक बचत
ध) दोब्बर क्रमिक अवधि बचत

<u>ऋणका सेवाहरू</u> :-

क) सामुहिक जमानी कर्जा
ख) आवधिक रसिद धितो कर्जा
ग) व्यवसायिकक कर्जा
घ) व्यक्तिगत कर्जा
ङ) बैदेशिक रोजगार कर्जा
च) घरायसी कर्जा
छ) हायर पर्चेज कर्जा
ज) कृषि/पशुपालन कर्जा
झ) उद्यमशिल कर्जा
ञ) छोटो अवधि कर्जा
ट) शैक्षिक कर्जा
ठ) भवन निर्माण तथा जग्गा खरिद कर्जा

<u>संचालक समिति</u> :-

यस तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा ७ जनाको संचालक समिति रहेको छ । संचालक समिति एक मतका साथ संस्थाको हितमा सक्दो समय प्रदान गरी लागि परेको छ । संस्थाको विकास र प्रगतिको लागि संचालक समितिले कर्मचारी प्रशासनलाई सुव्यवस्थित र मर्यादित बनाउन विभिन्न विनियमावली तथा निर्देशिका तयार गरी संस्थागत सुशासनकको पद्धतिबाट अगाडी बढाउन हरदम लागि परेको छ, जसको कार्यकाल संस्थाको विनियम अनुसार ४ वर्षको रहेको छ ।

<u>मानवीय संसाधन व्यवस्थापन</u> :-

कुनै पनि संघ संस्थाको प्रगति व्यवस्थापनको सहि र सफल रणनीतिले गर्दछ । दक्ष व्यवसायिक तथा प्रशासनिक जनशक्ति संस्थाको मेरुदण्ड हो भन्ने कुरालाई मनन् गर्दै संस्थामा कर्मचारीलाई उच्च मनोबलका साथ जोस र जाँगरले काम गर्ने वातावरण सिर्जना गर्न कार्य सम्पादन मुल्याङ्कन भत्ता, तह वृद्धि, पुरस्कार तथा सम्मान विषयगत

तालिमहरुमा सहभागि गराई कर्मचारीहरुको कार्यक्षमतामा विकास गराई सदस्यहरुलाई सरल सहज एवं विश्वसनिय तवरबाट सेवा प्रदान गर्नको लागि १३ जना कर्मचारी वर्ग निरन्तर रुपमा कार्य संचालनमा रहेका छन् । मानवीय संसाधन व्यवस्थापनका केहि बुदाहरु

- वार्षिक लक्ष्य अनुसार क्षमताको आधारमा कार्यालयको न्यूनतम दिगोपनालाई मध्यनजर गर्दै आवधिक लक्ष्य प्रदान गरिएको र आवधिक रूपमा नै लक्ष्य प्राप्तिको नियमित प्रगति समीक्षा गर्ने गरिएको र उत्कृष्टताको आधारमा पुरस्कृत पनि गर्ने गरिएको छ ।
- प्रत्येक कर्मचारीलाई कार्य विवरण (Job description) अनुसार लक्ष्य निर्धारण गरी जिम्मेवारी दिने गरिएको छ ।
- लक्ष्य अनुसारको उपलब्धि प्राप्त गर्ने प्रभावकारी कार्यान्वयनको लागि विभागहरूलाई जिम्मेवारी र जवाफदेही बनाइएको छ साथै लक्ष्य प्राप्तिका आधारमा पुरस्कृत गर्ने गरिएको छ ।
- नियमित रूपमा कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कनका आधारमा बढुवा तथा जिम्मेवारी हेरफेर (Job Rotation) गरी परिचालन गर्ने व्यवस्था गरिएको छ ।
- विभागीय प्रमुखहरूले नियमित रूपमा कार्य प्रगतिको प्रतिवेदन प्रस्तुत गर्ने गरिएको छ ।
- कर्मचारीको सन्तुष्टि मापन तथा सहकर्मी मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिएको छ ।
- कर्मचारीहरुको क्षमता अभिबृद्धी र अद्यावधिक गर्न आन्तरिक परीक्षा लिने गरिएको छ ।
- कर्मचारीको लागि संस्थाद्वारा जारी गरिएको आचार सहिताको पूर्ण पालना भएको छ ।

<u>आन्तरिक नियन्त्रण प्रणाली र प्रयोग :-</u>

– संस्थामा प्रत्यक्ष रूपमा संलग्न जनशक्तिको क्षमता विकास गर्दै लैजाने क्रममा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप–समिति एवम् कर्मचारीहरूका लागि विभिन्न चरणमा तालिम, अध्ययन तथा अन्तक्रिया कार्यक्रमहरू आयोजना गरिएका छन् ।

– संस्थाको मौजुदा व्यवस्थापकीय संरचनालाई बदलिँदो परिवेश अनुसार संशोधन गरिएको छ । संस्थामा बचत विभाग, ऋण विभाग, वित्त विभाग, प्रशासन विभाग, बजार तथा प्रवर्धन विभाग, मानवीय संसाधन विभाग, सूचना तथा प्रविधि विभाग गरी छुट्टाछुट्टै विभाग मार्फत् कार्य सम्पादन गरिएको छ ।

– व्यवस्थापनलाई लक्ष्य किटान, व्यवस्थापनको नियमित बैठक तथा समीक्षा, आवधिक स्वमूल्याङ्कन, उपलब्धिको समीक्षा र रणनीति निर्माण गर्ने गरिएको छ । यस अवधिमा १२ पटक समग्र व्यवस्थापनको बैठक र १५ पटक उच्च व्यवस्थापन तहको बैठक सम्पन्न भएको छ । व्यवस्थापकीय सूचना प्रणालीको मजबुत रूपमा विकास गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संस्था प्रतिबद्ध रहेको छ ।

– केन्द्रीय तहमा सबै समिति तथा उप–समितिले आवश्यक कार्य सम्पादन, मूल्याङ्कन तथा अनुगमन गर्ने गरिएको छ ।

– संस्थामा बढ्दै गएको कार्यक्रम र कार्यभार लाई व्यवस्थित गरी सदस्यमैत्री कार्यालय मार्फत् प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले मौजुदा कार्यालय सेवालाई अझ बढी व्यवस्थित बनाउँदै लगिएको छ ।

– संस्थालाई नीति, विधि र प्रविधि मार्फत् सञ्चालन गर्नुपर्छ भन्ने मान्यता अनुसार नयाँ नयाँ प्रविधिको प्रयोग मार्फत् सेवालाई आधुनिकीकरण गर्दै लगिएको छ र संस्थाको नीति तथा कार्यविधि मार्फत् संस्था सञ्चालनमा रहेको छ ।

– कार्यालय सञ्चालन र दैनिक कारोबार व्यवस्थापनलाई थप चुस्त दुरुस्त एवम् व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षक (CA) को व्यवस्था गरिएको र सोही अनुसार आन्तरिक लेखापरीक्षण गरी नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गरिएको छ ।

<u>निरीक्षण तथा अनुगमन</u> :-
व्यवस्थापनको उच्च तहबाट नियमित निरीक्षण तथा अनुगमन गर्ने गरिएको, ५ सी (धितो, चरित्र, अवस्था, प्रतिबद्धता र तिर्न सक्ने क्षमता), ५ एस र जोखिममा आधारित मूल्याङ्कन/अनुगमन पद्धतिलाई अवलम्बन गरिएको छ । यसै गरी संस्थाको मौजुदात लेखासुपरिवेक्षण समिति एवम् आन्तरिक लेखा परीक्षकबाट समेत निरीक्षण तथा अनुगमन गर्ने कार्य भइरहेको छ । यसरी निरीक्षण तथा अनुगमनको क्रममा देखिएका कमी–कमजोरी एवम् सुधार गर्नुपर्ने पक्षहरूको कार्य योजना सहित सुधार गरिएको र यसका लागि सम्बन्धित विभागीय एवम् कार्यालय प्रमुखलाई थप जिम्मेवार र उत्तरदायी बनाइएको छ ।

<u>कर्वस (CURBS) कार्यक्रममा आवद्धता</u> :-
नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफस्कून) र काठमाण्डौं बचत तथा ऋण सहकारी संघ लि. (कास्कून) द्वारा संयुक्त संचालित "जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम" (Credit Union Risked Based Supervision-CURBS) मा यस संस्था आबद्ध भएको छ । यसले संस्थालाई जोखिममा जान नदिई संस्थामा सुशासन, वित्तीय पारदर्शीता र व्यवस्थापनलाई थप चुस्त दुरुस्त एवम् व्यवस्थित गरेको छ ।

<u>विप्रेषण सेवा</u> :-
संस्थाले सदस्यहरुको सुविधाको लागि विप्रेषण सेवा पनि प्रदान गर्दै आईरहेको छ । विभिन्न रेमिट्यान्स कम्पनिहरुसँग सम्झौता गरी आन्तरिक तथा बाह्य रेमिट्यान्स सुविधा प्रदान गर्दै आईरहेका छौं । यस आर्थिक वर्षमा पनि रेमिट सुविधालाई अझै प्रभावकारी बनाउन विभिन्न रेमिट्यान्स कम्पनीहरुसँग सम्झैता गरी सदस्यहरुलाई थप सेवा वृद्धि गर्ने उद्देश्य राखेका छौं ।

<u>तीर्थ मोबाईल बैंकिंङ्, एसएमएस बैकिङ र क्युआर कोड सेवा</u> :-
सदस्य महानुभावहरुको सुविधालाई मध्यनजर गर्दै प्रविधि प्रयोगमा जोड दिएर तीर्थ मोबाईल बैंकिंङ्, एसएमएस बैकिङ र क्युआर कोड वितरण गरेका छौं । सदस्य महानुभावहरुलाई आगामी दिनमा प्रविधिको उच्चतम प्रयोग गरि आफ्नो विवरण हेर्न तथा नगद रहित कारोबार गर्न हार्दिक अपिल गर्दछौं ।

भुक्तानी सेवा प्रदायकहरुसंग समन्वय :-

यस संस्थाले सदस्यहरुको सेवामा अझै बिविधिकरण ल्याउने उद्देश्य बिभिन्न भुक्तानी सेवा प्रदायक संस्थाहरु जस्तै ई-सेवा, आई एम ई पे र खल्ती वालेटसंग समन्वय गरी वित्तिय सेवा प्रदान गर्दै आईरहेको छ । जसबाट सदस्यले सजिलै आफ्नो खातामा रकम जम्मा गर्न र खातामा भएको रकम स्थानान्तरण गर्न पाउनुको साथै अन्य धेरै सेवाको लाभ लिन सक्नुहुनेछ । संस्थाले आगामी दिनहरुमा यस्ता कार्यलाई अझै परिस्कृत गर्दै अघि बढ्ने कुराको जानकारी गराउन चाहन्छु ।

बि.एल.बि सेवा :-

कर्मचारीहरुको कार्यलाई छिटो छरितो र सदस्य महानुभावहरुको सुविधा र विश्वसनियतालाई मध्यनजर गर्दै बि.एल.बि (Branch Less Banking) (ट्याबलेट बैंकिङ) सेवा सुचारु गरि सकेका छौं र आगामी दिनहरुमा यस्ता प्रविधिहरुको उच्चतम प्रयोग गरि सदस्य महानुभावहरुलाई सेवा दिने उद्देश्य राखेका छौं ।

३६५ दिने बैकिंङ सेवा :-

संस्थाले सदस्यहरुको सुविधाको लागि ३६५ दिने बैकिंङ सेवा सुचारु गरेको छ । शनिबार मोबाईल बैंकिङ मार्फत र सार्वजनिक बिदामा न्यूनतम कर्मचारी राखि कार्यालयबाट आकस्मिक सेवा प्रदान गरिरहेका छौं ।

अब म यस गरिमामय साधारण सभा समक्ष आ.व. २०८०/०८१ को भावी वार्षिक लक्ष्य तथा कार्यक्रमहरु समेत प्रस्तुत गर्न अनुमति चाहान्छु । साथै प्रस्तुत गरिएका वित्तिय विवरणहरु यस गरिमाय साधारण सभामा छलफल भई अमुल्य सुझाव, सल्लाह र सहयोग पाउने आशा एवं विश्वास राख्दै आदरणीय शेयर सदस्य महानुभावहरु समक्ष अनुमोदनका लागि पेश गर्दछु ।

## आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम

यस तीर्थ बचत तथा ऋण सहकारी संस्था लि. विगतका वर्ष देखि सुशासन प्रवर्द्धन, संस्थागत विकास, एकीकरण प्रवर्धन, प्रविधिको विकास जोखिम न्यूनीकरण लगायत संस्थाका सदस्यहरुको व्यवसायिकता विकासका क्षेत्रहरुमा संस्थाको वार्षिक नीति तथा कार्यक्रम परिलक्षित गरिएको कुरा निवेदन गर्न चाहन्छौं । हाल संस्थाले तयार गरी सञ्चालनमा ल्याएका सबै प्रकारका नीति, नियम तथा कार्यविधिहरु, नेपाल राष्ट्र बैंक एवम् सहकारी विभागबाट समय समयमा जारी हुने निर्देशन तथा मापदण्ड संस्थाको वार्षिक नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न बलियो पृष्ठपोषणको रुपमा रहने छन् । संस्थागत विकासका लागि अति महत्वपूर्ण मानिएका निम्नलिखित अवधारणागत क्षेत्रहरुलाई यस वार्षिक नीति तथा कार्यक्रमले केन्द्रित गरेको छ :-

- वित्तीय सक्षमता
- सदस्य सेवा
- आन्तरिक व्यावसायिकता
- सिकाइ र वृद्धिको निरन्तरता
- सहकार्य र सहभागिता
- प्रवर्द्धन र विस्तार
- नीति, विधि, प्रविधि र सृजनशीलता
- सुशाशन र जवाफदेहिता
- वित्तीय समावेशिता
- उत्पादन तथा सेवामा विविधीकरण

# २०८०/०८१ को लक्षित योजना र प्राप्त परिणाम विश्लेशण

| क्र.स. | योजना तथा कार्यक्रम | निर्धारित लक्ष्य | प्राप्त परिणाम | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | सदस्यता वृद्धि | १००० | ३५६ | बजार विभाग |
| २. | बचत खाता वृद्धि | ५०० | ३७७ | बजार विभाग |
| ३. | शेयर पूँजी वृद्धि | २२,५०,००० | (१,१५,९००) | कर्जा उपसमिति |
| ४. | बचत वृद्धि | १,७०,००,००० | (६०,५९,२२५.८१) | शिक्षा उपसमिति |
| ५. | कर्जा लगानी वृद्धि | १,७५,००,००० | (३,७२,८३५.१२) | कर्जा उपसमिति |
| ६. | कर्मचारीलाई तालिम | ८ | १० | व्यवस्थापन |
| ७. | संचालकहरुलाई तालिम | ५ | ४ | व्यवस्थापन |
| ८. | सामाजिक क्रियाकलाप | ६ | ५ | शिक्षा उपसमिति |
| ९. | वार्षिक साधारण सभा | १ | १ | संचालक समिति |
| १०. | अध्ययन अवलोकन भ्रमण | १ | ० | शिक्षा उपसमिति |

प्रस्तुत नीति तथा कार्यक्रमलाई वित्तीय तथा गैर वित्तीय गरी मुख्य रुपमा २ भागमा विभाजन गरिएको नीति तथा कार्यक्रमले आकर्षित गर्ने बचत तथा ऋण सहकारी संस्था सञ्चालनका सिद्धान्त र कार्यक्रम कार्यान्वयन पश्चात् हासिल हुने अपेक्षित प्रतिफल सहित प्रस्तुत गर्ने प्रयास गरेका छौं, जुन यसप्रकारले रहेका छन् :-

## प्रस्तावित वित्तीय कार्यक्रमहरु

| क्र.स. | कार्यक्रम | सिद्धान्त | अपेक्षित प्रतिफल |
|---|---|---|---|
| प्रस्तावित वित्तीय नीति तथा कार्यक्रमहरु | <u>नियमित तर्फ</u><br><br>सदस्यहरूबाट विभिन्न प्रकारका बचतहरू समय भित्रै सङ्कलन तथा ऋण लगानी गरिने छ । | सदस्यलाई सेवा | योजना अनुसारको बचत संकलन तथा ऋण लगानी । |
| | सदस्यता विस्तारलाई अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त र सहकारी ऐनको परिधि भित्र रही खुल्ला राख्दै सबै वर्गका समुदायलाई विशेष अभियान सञ्चालन गरि सदस्यता विस्तारलाई निरन्तरता दिँदै यस वर्ष सेयर सदस्य २ हजार ५ सय बढी पुर्याइनेछ । | खुल्ला तथा ऐच्छिक सदस्यता | सदस्यता विस्तार र साथमा कारोवार एवं प्रभाव क्षेत्रमा व्यापकता रहनेछ । |
| | <u>नीतिगत कार्यक्रम तर्फ</u><br><br>कर्मचारीहरूको श्रीवृद्धि र स्थायित्वको लागि विशेष व्यवस्था गरिनेछ । कर्मचारीहरूको कार्यभार र क्षमता हेरी मानवीय संसाधनको यथोचित व्यवस्था गरिनेछ । | सदस्यलाई सेवा | - कर्मचारीको लगाव र निरन्तरता<br><br>- कार्य सम्पादन थप व्यवस्थित र सृजनशील |
| | कार्यालयको बढ्दै गएको कार्यभार र कार्यक्षेत्रलाई व्यवस्थित एवम् प्रभावकारी बनाउनका लागि कार्यालयको आन्तरिक भौतिक संरचना सुधार र निर्माण कार्यलाई यस वर्ष पनि निरन्तरता दिइनेछ भने आवश्यक जनशक्ति, सवारी साधन, फर्निचर, फ्यान, कार्यालय सामग्री, कम्प्युटर, प्रिन्टरलगायतका अन्य उपकरणहरूको आवश्यकता अनुसार थप गरिनेछ । | सदस्यलाई सेवा | - संस्थाद्वारा प्रदान गरिने सेवा तथा सुविधाहरूमा थप प्रभावकारिता<br><br>- कार्यालय सदस्यमैत्री<br><br>- कार्य सम्पादन चुस्त |

| क्र.स. | कार्यक्रम | सिद्धान्त | अपेक्षित प्रतिफल |
|---|---|---|---|
| प्रस्तावित वित्तीय नीति तथा कार्यक्रमहरु | <u>संस्थागत विकासतर्फ</u><br><br>संस्थाको पुँजी वृद्धिका लागि यस आ.व. भित्र चुक्ता सेयर पुँजी १ करोड ८० लाख पुर्याइनेछ । | वित्तीय स्थिरता | - संस्थाको वित्तीय संरचना सन्तुलित र मजबुद<br>- थप पुँजी परिचालित<br>- वित्तीय सक्षमता |
| | संस्थाले सञ्चालनमा ल्याएको बचत तथा ऋणका नयाँ सेवाहरूलाई विस्तार गरिनेछ भने सदस्यहरूको थप सहभागिता गराउँदै प्रभावकारी ढङ्गबाट अगाडि बढाइनेछ ।<br>विशेष गरि सम्पूर्ण सदस्यहरुलाई संस्थाको अनिवार्य बचत योजनामा अनिवार्य सहभागी गराइनेछ । | अनवरत शिक्षा | - सदस्यहरूको व्यापक सहभागिता<br>- बचत तथा ऋण लगानीमा वृद्धि हुनेछ । |
| प्रस्तावित गैर-वित्तीय नीति तथा कार्यक्रमहरु | यस आर्थिक वर्षमा सञ्चालक समिति बैठक कम्तिमा १२ पटक लेखा समितिको ०४ पटक र उपसमितिहरुको बैठक २० पटक बस्नेछ । | प्रजातान्त्रिक नियन्त्रण र सदस्य सेवा | - नियमित कार्य सम्पादनमा सहजता<br>- संस्था नियमित रूपमा सञ्चालन<br>- संस्थागत सुशासन कायम<br>- अनुगमन तथा मूल्याङ्कन |
| | संस्थाको १३ औं वार्षिक साधारण सभा सम्पन्न गरिनेछ । | प्रजातान्त्रिक नियन्त्रण | - गत वर्षको कार्य सम्पादनको मूल्याङ्कन र अनुमोदन<br>- आगामी वर्षको स्पष्ट कार्यदिशा तय हुनेछ<br>- प्रगति समीक्षा र परिमार्जनको अवसर<br>- सम्बन्धको नवीकरण |

| क्र.स. | कार्यक्रम | सिद्धान्त | अपेक्षित प्रतिफल |
|---|---|---|---|
| प्रस्तावित गैर-वित्तीय नीति तथा कार्यक्रमहरू | बाह्य संस्था तथा संस्थाद्वारा आयोजित तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रममा सहभागिता जनाइनेछ । | अनवरत शिक्षा | - सम्बन्धमा थप प्रगाढता<br>- संस्थाको साखमा वृद्धि<br>- क्षमता विकास नयाँनयाँ प्रयोगका बारेमा थप जानकारी |
| | वार्षिक रूपमा प्रकाशित गर्दै आइएको संस्थाको भित्तेपात्रो यस वर्ष पनि प्रकाशन गरिनेछ । | सदस्यलाई वितरण | - संस्थाको उपस्थिति संस्थागत संक्षिप्त जानकारी<br>- सूचनाको आदान-प्रदानमा सहयोग |
| | संस्थालाई आवश्यक पर्ने नीति, नियम तथा कार्य सञ्चालन विधिहरू तयार गर्ने तथा मौजुदा नीति-नियमहरूको समयानुकूल परिमार्जन गर्दै लगिनेछ । | वित्तीय स्थिरता | - नीति प्रधान संस्था कार्यसम्पादनमा दोहोरोपन र झन्झट कम<br>- व्यवस्थापन पक्ष बलियो र जवाफदेही संस्थागत सुशासन |
| | कर्मचारीको कार्यसम्पादनको नियमित मूल्याङ्कन गर्ने परिपाटीलाई पनि निरन्तरता दिइने छ । | अनवरत शिक्षा | - कार्यदक्षतामा वृद्धि कर्मचारीको स्तर मापनमा सहयोग हौसला तथा सुधारको योजना निर्माण<br>- क्षमता पहिचान र उत्तरदायित्व |

| क्र.स. | कार्यक्रम | सिद्धान्त | अपेक्षित प्रतिफल |
|---|---|---|---|
| प्रस्तावित गैर-वित्तीय नीति तथा कार्यक्रमहरु | संस्थागत विकासतर्फ<br><br>समग्र संस्थाको कार्यसम्पादनलाई नियमित एवम् सु-व्यवस्थित गर्न गठित सबै उप-समितिहरूलाई थप सक्रिय एवम् प्रभावकारी बनाउने रणनीति अवलम्बन गरिनेछ । | | -सामूहिक कार्यप्रणाली<br>- लक्ष्य प्राप्ति<br>- नेतृत्व विकास<br>स्थानीय तहमा प्रभावकारी सेवा<br>आफ्नोपनको आभास<br>- साख र छविमा विस्तार |
| | सदस्य स्वास्थ्य बिमालगायत अन्य बिमा कार्यक्रम सञ्चालन गर्न | | - सामाजिक सुरक्षामा अभिवृद्धि<br>- सदस्यतामा वृद्धि<br>- स्वास्थ्य उपचार खर्चमा कमी<br>- संस्थागत संलग्नता<br>स्वास्थ्य सचेतना |

## आगामी कार्ययोजना

| क्षेत्र | के गर्ने | कति गर्ने | कसरी गर्ने | कहिले गर्ने | जिम्मेवारी |
|---|---|---|---|---|---|
| वित्तीय | सदस्य वृद्धि | ५०० | बजार प्रबद्धन तथा बिस्तार गरेर | २०८१ असार मसान्त सम्म | बजार विभाग |
| | बचत खाता वृद्धि | ५०० | | | |
| | शेयर वृद्धि | १५,५०,००० | कर्जा लागानी, नयाँ सदस्य र थप सेयर निस्कासन गरेर | २०८१ असार मसान्त सम्म | कर्जा उपसमिति |
| | निक्षेप वृद्धि | १,७०,००,००० | बचतको बानी बसाल्ने र उत्कृष्ट लाई सम्मान गरेर | २०८१ असार मसान्त सम्म | शिक्षा उपसमिति |
| | कर्जा लगानी वृद्धि | १,७५,००,००० | उद्योग व्यवसाय कृषी फर्म आदीको लागि सदस्यलाई कर्जा प्रवाह गर्ने | २०८१ असार मसान्त सम्म | कर्जा उपसमिति |
| | पर्ल्स स्थर निर्धारण गर्ने | | संस्था आवद्ध भएको CURBS कार्यक्रम मार्फत | २०८१ असार मसान्त सम्म | व्यवस्थापन |
| | संस्थागत पूँजी | ७,००,००० | खाता बन्द शुल्क तथा नाफा वृद्धि गरि | २०८१ असार मसान्त सम्म | व्यवस्थापन |

| क्षेत्र | के गर्ने | कति गर्ने | कसरी गर्ने | कहिले गर्ने | जिम्मेवारी |
|---|---|---|---|---|---|
| सदस्य सेवा | घर दैलो सेवालाई निरन्तरता दिने | | सेवालाई निरन्तरता दिने | २०८१ असार मसान्त सम्म | बजार विभाग |
| | रेमिट्यान्स सेवा अद्यावधिक र विस्तार | २ | रेमिटेन्स कम्पनिहरुसँग सम्झौता | २०८१ असार मसान्त सम्म | व्यवस्थापन |
| | उपभोग्य बिल भुक्तानी अद्यावधिक र विस्तार | ३ | तीर्थ मोबाईल बैंकिङ एप मार्फत | २०८१ असार मसान्त सम्म | व्यवस्थापन |
| | बचत सेवा थप गर्ने | ३ | आवश्यक सेवाको शिर्षक थप गर्ने | २०८१ असार मसान्त सम्म | शिक्षा उपसमिति |
| | ऋण सेवा थप गर्ने | १ | आवश्यक सेवाको शिर्षक थप गर्ने | २०८१ असार मसान्त सम्म | कर्जा उपसमिति |
| | बिमा सेवालाई निरन्तरता दिने | | बिमा कम्पनिहरुसँग सहकार्य गरेर | २०८१ असार मसान्त सम्म | व्यवस्थापन |
| | एस.एम.एस. बैकिङ सेवालाई अद्यावधिक गरि निरन्तरता दिने | | सदस्यहरुलाई करोबारको एस.एम.एस.सेवा दिएर | २०८१ असार मसान्त सम्म | व्यवस्थापन |
| | मोवाइल बैकिङ सेवालाई अद्यावधिक गर्ने | | तीर्थ मोबाईल बैंकिङ एप मार्फत | २०८१ असार मसान्त सम्म | व्यवस्थापन |

| क्षेत्र | के गर्ने | कति गर्ने | कसरी गर्ने | कहिले गर्ने | जिम्मेवारी |
|---|---|---|---|---|---|
| सदस्य सेवा | पानी वितरण कार्यक्रम | ३ | फिल्डमा नै गएर पानी वितरण | श्रावण २९ असोज ०१ फागुन २८ | शिक्षा उपसमिति |
| | टोल सरसफाई कार्यक्रम | १ | आवश्यक स्रोतसाधन प्रयोग गरि | २०८० भदौ २३ | शिक्षा उपसमिति |
| | शुभकामना आदान प्रदान तथा चिया पान (चाड विशेष) | १ | क्यफेमा भेटघाट | २०८० कार्तिक २४ | शिक्षा उपसमिति |
| | रक्तदान कार्यक्रम | १ | सम्बन्धित निकाय सँग समन्वय गरेर | २०८१ असार मसान्त सम्म | शिक्षा उपसमिति |
| आन्तरिक व्यवसायिक प्रकृया | नीति निर्माण तथा अद्यावधिक | ४ | बैठकमा छलफल गरेर | २०८१ असार मसान्त सम्म | संचालक समिति |
| | कार्यविधि निर्माण | २४ | बैठकमा छलफल गरेर | २०८१ असार मसान्त सम्म | संचालक समिति |
| | भौतिक संरचना थप | २ | आर्थिक नीति अनुसार | २०८१ असार मसान्त सम्म | व्यवस्थापन |
| | सुशासन कायम | | मानव संसाधन नीति अनुसार | २०८१ असार मसान्त सम्म | लेखा सुपरिवेक्षण समिति |
| | भाखा नागेको ऋण ब्यबस्थापन | | ऋण नीति अनुसार | २०८१ असार मसान्त सम्म | ऋण विभाग |
| | साधारण सभा गर्ने | | कार्यालयमा सदस्य भेला भएर | २०८० पुष २१ गते | संचालक समिति |

| क्षेत्र | के गर्ने | कति गर्ने | कसरी गर्ने | कहिले गर्ने | जिम्मेवारी |
|---|---|---|---|---|---|
| वृद्धि र विकास | संचालक समितिको क्षमता अभिवृद्धि तालिम | ५ | छाता संगठन तालिम केन्द्र तथा कार्यालयमा | २०८० असार मसान्त सम्म | व्यवस्थापन |
| | लेखा समितिको क्षमता अभिवृद्धि तालिम | ५ | छाता संगठन तालिम केन्द्र तथा कार्यालयमा | २०८० असार मसान्त सम्म | व्यवस्थापन |
| | कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम | ८ | छाता संगठन तालिम केन्द्र तथा कार्यालयमा | २०८० असार मसान्त सम्म | व्यवस्थापन |
| | उपसमितिहरुको क्षमता अभिवृद्धि तालिम | ५ | छाता संगठन तालिम केन्द्र तथा कार्यालयमा | २०८० असार मसान्त सम्म | व्यवस्थापन |
| | सदस्हयरुको क्षमता अभिवृद्धि तालिम | ४ | छाता संगठन तालिम केन्द्र तथा कार्यालयमा | २०८० असार मसान्त सम्म | व्यवस्थापन |
| | अध्ययन अवलोकन भ्रमण | १ | सहकारी संस्था सँग समन्वय गरि | २०७९ फागुन ५,६ र ७ गते | शिक्षा उपसमिति |

आदरणीय शेयर सदस्यज्यूहरु, यहाँहरुले ६ वर्ष अगाडि प्रदान गर्नुभएको अमूल्य विश्वासका साथ वर्तमान सञ्चालक समिति लगायत मलाई प्रदान गर्नुभएको जिम्मेबारी आफ्नो क्षमता, सिप, समय र अनुभवको आधारमा रही समग्र कामहरु यस कार्यकालमा सम्पादन गर्ने प्रयास गरेको छु । प्रस्तुत गरिएको वार्षिक नीति तथा कार्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनको लागि तपाईं सम्पूर्ण शेयर सदस्यज्यूहरुको अतुलनीय योगदान रहने कुरा अनुरोध गर्न चाहन्छु । तपाईंहरुको यस संस्थामा अधिकतम सहभागिता भएमा मात्र यी नीति तथा कार्यक्रमहरुको उपलब्धि हासिल गर्न सकिने छ तसर्थ प्रस्तुत गरिएको नीति तथा कार्यक्रम र मेरो अपेक्षा भनेको तपाईं सबैको संस्थामा नियमित सहभागिता हो भन्ने मलाई लागेको छ ।

गत आर्थिक वर्षभरि नै कुनै न कुनै तहमा संस्थासँग आबद्ध रहनुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दै यस संस्थाको गत आर्थिक वर्ष २०७९/०८० को प्रगति समीक्षा तथा चालु आ.व. २०८०/८१ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम श्रवण गरिदिनुभएकोमा उपस्थित सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद दिँदै यो प्रस्तुतिबाट अहिलेलाई बिदा चाहन्छु ।

धन्यवाद ¤ जय तीर्थ ¤ जय सहकारी ¤ नमस्कार ¤

अध्यक्ष
अनन्त श्रेष्ठ

तीर्थ
सदस्यको सहकारी सदस्यको सेवामा
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Tirtha Saving & Credit Cooperative Society Ltd.

## तेह्रौ वार्षिक साधारण सभा समक्ष संचालक समितीको तर्फबाट सचिव सिम्रन थपलियाको प्रतिवेदन

आदरणिय सदस्य महानुभावहरु, यस सहकारीको तेह्रौ वार्षिक साधारण सभाको सभापतित्व गरी रहनु भएका यस सभा सभापति ज्यू, हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, अन्य अतिथि ज्यू, शेयर सदस्य महानुभावहरु, लेखा समितीका पदाधिकारी ज्यूहरु, विभिन्न उप-समितिका पदाधिकारी ज्यूहरु, सभामा उपस्थित हुनुभएका सम्पूर्ण बुवा, आमा, दाजुभाइ, दिदी बहिनी लगायत सम्पूर्ण शुभचिन्तक मित्रहरु तथा यस संस्थामा कार्यरत सम्पुर्ण कर्मचारी साथीहरुमा संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहान्छु ।

म यस साकोसले आ.व. २०७९/०८० मा गरेको कार्य बुँदागत रुपमा प्रस्तुत गर्न चाहान्छु ।

बाह्रौं वार्षिक साधारण सभाबाट पारित गरेको योजना अनुरुप यस साकोसले निम्न लिखित प्रगती विवरण तथा कार्यक्रमहरु गरेको थियो ।

०१) बैठक :- यस तीर्थ साकोसको आर्थिक वर्ष २०७९/०८० सालको असाढ मसान्त सम्म संचालक समितीका पदाधिकारीहरुको बैठक नियमित र आकस्मिक गरि १२ पटक, लेखा सुपरिवेक्षण समितिको २ पटक, उपसमितिहरुको बैठक २५ पटक र व्यवस्थापन समितिको बैठक १६ पटक बसियो । यस तीर्थ साकोसको संचालक समितीको बैठक "संचालन निर्देशिका-२०७५" अनुसारनै संचालन गरीएको जानकारी गराउन चाहान्छु ।

०२) साधारण सभा :- यस तीर्थ साकोसको १२औं वार्षिक साधारण सभा मिति २०७९/०९/०३ गतेबाट ०९ गते सम्म सदस्य महानुभावहरुलाई कार्यालयमै उपस्थित गराई यस संस्था अध्यक्ष ज्यूको सभापतित्वमा सम्पन्न भएको थियो । साधारण सभामा कुल उपस्थिति ६४ प्रतिशत रहेको थियो । साधारण सभा पुस मसान्त भित्र गर्ने गरि संस्थाले कार्यक्रम विकास गरेको थियो र आगामी आर्थिक वर्षमा पुष मसान्त भित्र सम्पन्न गर्ने गरि कार्यक्रम विकास गरिने छ ।

३) आवद्धता र प्रतिनिधीत्व :- बचत तथा ऋण सहकारीका प्रवर्द्धन गर्न गठन भएका सहकारी ऐन तथा नियम बमोजिम सदस्यता लिन मिल्ने सबै संस्थाहरुमा आवद्धताको नीति समिक्षा आर्थिक वर्षमा पनि कायम राखिएको थियो । जसबाट समिक्षा आर्थिक वर्षमा राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, नेफ्स्कुन, कास्कुन र जिल्ला सहकारी संघ काठमाडौंको सदस्यता तथा सक्रिय सहभागिता कायम गरिएको छ । चालु आर्थिक वर्षमा पनि संस्थाले सदस्यता कायम राख्ने नीति लिएको छ । साथै चालु आर्थिक वर्षमा प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रदेश) को सदस्यता लिई सक्रियता बढाइने छ ।

०४) सदस्यता व्यवस्थापन तथा पहुँच विस्तार :- तीर्थ साकोस सक्रिय व्यवसायीहरु भएको क्षेत्रमा अवस्थित छ । यसलाई संस्थाले अवसरको रुपमा लिएको छ । हाल संस्था आफ्नो कार्यक्षेत्रभरि सदस्य विस्तारका लागि सक्रिय रुपले अगाडि बढि रहेको छ । आगामी आर्थिक वर्षमा ५०० जना सदस्य थप गरि संस्थाको सदस्य २५०० बढी पुर्याउने लक्ष्य राखिएको छ । यसका रणनीतिहरु यसै प्रतिवेदन साथ संलग्न योजनामा समावेश गरिएको छ । सदस्य सेवालाई प्रभावकारी बनाउन संस्थाको मुख्य कार्यालय सदस्य मैत्री बनाईने छ । यसका लागि सदस्यहरुको पहुँच योग्य स्थानको चयन गरिनेछ । सदस्यहरुको पहूँच योग्य र बाहुलयता भएको स्थान हेरि सदस्य सेवा कार्यालय थप गरि संचालन गरिने छ । यसको दीगो पनका लागि कानुनी वातावरण तयार गरिने छ । संस्थाको प्रधान तथा सेवा कार्यालय सदस्यहरुको नियन्त्रण तथा सहभागितामा व्यवस्थापन गर्दै लगिने छ ।

०५) तालिम, शिक्षा र सूचना :- सहकारीता विकासको आधार भनेको तालिम, शिक्षा र सूचना नै हो । यस सन्दर्भमा चालु आर्थिक वर्षमा तालिम, शिक्षा तथा सूचना मूलक कार्यक्रमहरु संचालनलाई निरन्तरता दिइएको थियो । यस तीर्थ साकोसले विभिन्न सहकारी तालिम केन्द्रहरुबाट सहकारी सम्बन्धि तालिमहरुमा संस्थाको संचालक समिति, लेखा समिति, उपसमितिहरु तथा कर्मचारीहरुलाई पठाएको थियो ।

यस संस्थाले सदस्यहरुलाई कार्यालयमा उपस्थित गराई विभिन्न शिर्षहरुमा सदस्य शिक्षा कार्यक्रम आयोजना गरेको थियो ।

आगामी वर्षको योजनामा हामीले अझ धेरै भन्दा धेरै सदस्यहरुलाई विभिन्न माध्यामबाट आवश्यक विषयहरुमा विभिन्न सहकारी क्षेत्रका अनुभवी प्रशिक्षकहरुबाट शिक्षा तालिम दिने योजाना बनाएका छौं ।

यस संस्थाले आफ्ना सदस्यहरुलाई संस्थागत हरेक गतिविधिहरु संस्थाको आधिकारिक फेसबुक, युट्युव लगायत अन्य विभिन्न माध्यम वा प्रत्यक्ष भेटघाटबाट प्रधान गर्दै आइरहेको छ ।

०६) सहभागिता :- विभिन्न संघ/संस्थाहरुबाट आयोजित कार्यक्रमहरु, वार्षिक साधारण सभा, स्थापना दिवस तथा गोष्ठिहरुमा संचालकहरुलाई कार्यविभाजन गरि सहभागिता जनाउने गरिएको जानकारी गराउँदछु ।

०७) संस्थाको नीति तथा कार्यविधिहरु :-

संस्थामा विद्यमान नीतिहरु निम्न अनुसार छन् :-

क) बचत नीति
ख) ऋण नीति
ग) मानव संशाधन नीति
घ) सदस्यता सम्बन्धि नीति
ङ) आर्थिक प्रशासन नीति
च)सञ्चालक सम्बन्धि नीति
छ) साधारण सभा सञ्चालन कार्यविधि
ज) अध्ययन अवलोकन भ्रमण कार्यविधि
झ) ऋण लगानी तथा असुली कार्यविधि
ञ)निर्वाचन निर्देशिका
ट) बैठक सञ्चालन कार्यविधि

रणनीतिक योजनामा भए बमोजिमको विद्यमान नीतिहरुमा संशोधन एवं नयाँ नीतिहरुको निर्माण गरिने छ ।

०८) <u>उपसमितिहरु</u> :- संस्थाको कार्य सञ्चालनमा सहजता प्रदान गर्न तपसिलका उपसमितीहरु गठन गरि कार्य विभाजन गरिएको छ ।

क) ऋण लगानी उपसमिति
ख) ऋण असुली उपसमिति
ग) शिक्षा उपसमिति
घ) युवा परिचालन उपसमिति
ङ) पदपुर्ति उपसमिति
च) महिला उपसमिति
छ) बजार प्रवर्धन उपसमिति
ज) अध्ययन अनुसन्धान उपसमिति
झ) सल्लाहकार समिति

०९) <u>जनशक्ति व्यवस्थापन</u> :- हाल संस्थामा रहेका कर्मचारीहरुको विवरण निम्नानुसार रहेको छ :

- प्रमुख व्यवस्थापक (१ जना)
- प्रबन्धक (१ जना)
- बजार विभाग प्रमुख (१ जना)
- लेखा अधिकृत (१ जना)
- कर्जा सहायक (१ जना)
- कार्यालय सहायक (१ जना)
- कनिष्ठ कार्यालय सहायक (१ जना)
- बजार प्रतिनिधि (४ जना)
- कार्यालय सहयोगी (१ जना)
- प्राविधिक (१ जना)

१०) <u>सम्मान तथा पुरस्कार</u> :- संस्थाको रणनीतिक योजना अनुसार उल्लेखित विधाहरुमा सम्मान तथा पुरस्कारबाट हौसला गर्ने संस्कृति लिईएको सहर्ष जानकारी गराउन चाहान्छु :-

- मासिक उत्कृष्ट कर्मचारी पुरस्कार
- त्रैमासिक उत्कृष्ट सदस्य पुरस्कार
- अर्ध वार्षिक उत्कृष्ट स्वयंम् सेवक पुरस्कार
- आवधिक निक्षेप भ्रमण पुरस्कार
- वार्षिक उत्कृष्ट कर्मचारी पुरस्कार
- वार्षिक अनुशासित कर्मचारी पुरस्कार
- वार्षिक लगनशील कर्मचारी पुरस्कार
- वार्षिक उत्कृष्ट सदस्य पुरस्कार
- वार्षिक उत्कृष्ट बचतकर्ता पुरस्कार
- वार्षिक उत्कृष्ट शेयर लगानीकर्ता पुरस्कार
- वार्षिक उत्कृष्ट व्यवसायी पुरस्कार

## वार्षिक उत्कृष्ट कर्मचारीहरु :-

| कर्मचारीहरु | | |
|---|---|---|
| सि.नं. | आ.व. | नाम |
| १. | २०७७/०७८ | दुर्गा प्रसाद श्रेष्ठ |
| २. | २०७८/०७९ | सन्देव तामाङ |
| ३. | २०७९/८० | सुवन तामाङ |
| १. | वार्षिक अनुशासित कर्मचारी (२०७८/०७९) | संजिता कार्की |
| २. | वार्षिक लगनशील कर्मचारी (२०७८/०७९) | दुर्गा प्रसाद श्रेष्ठ |
| ३. | वार्षिक लगनशील कर्मचारी (२०७९/०८०) | सन्ध्या थापा मगर |

## आ.व. २०७९/०८० का मासिक उत्कृष्ट कर्मचारीहरु :-

| कर्मचारीहरु | | |
|---|---|---|
| सि.नं. | महिना | नाम |
| १. | साउन | युनिता कार्की |
| २. | भदौ | स्वस्तिका वाईवा |
| ३. | असोज | - |
| ४. | कार्तिक | लक्ष्मी खड्का |
| ५. | मसिर | निरु थापा मगर |
| ६. | पुष | सन्देव तामाङ |
| ७. | माघ | सुवन तामाङ |
| ८. | फागुन | लक्ष्मी खड्का |
| ९. | चैत | सन्ध्या थापा मगर |
| १०. | वैशाख | स्वस्तिका वाईवा |
| ११. | जेठ | सुवन तामाङ |
| १२. | असार | लक्ष्मी खड्का |

## आ.व. २०७९/०८० का मासिक उत्कृष्ट सदस्यहरु :-

| सदस्यहरु | | |
|---|---|---|
| सि.नं. | महिना | नाम |
| १. | साउन | सहदेव बोहोरा |
| २. | भदौ | ङिमा लामा शेर्पा |
| ३. | असोज | रुक्मणी महर्जन श्रेष्ठ |
| ४. | कार्तिक | दिनेश तामाङ |
| ५. | मंसिर | संगिता रोक्का श्रेष्ठ |
| ६. | पुष | जीत बहादुर श्रेष्ठ |
| ७. | माघ | मदन खनाल |
| ८. | फागुन | सहदेब बोहोरा |
| ९. | चैत | रैफोदिन मन्सुरी |
| १०. | वैशाख | निरु श्रेष्ठ |
| ११. | जेठ | राम शरण तामाङ |
| १२. | असार | वरुण दोर्जे लामा डिम्डुङ |

## आ.व. २०७९/०८० का त्रैमासिक उत्कृष्ट स्वयंम् सेवकहरु :-

| स्वयंम् सेवकहरु | | | |
|---|---|---|---|
| सि.नं. | त्रैमासिक | नाम | उपसमिति |
| १. | पहिलो | मेघा तिमल्सिना | महिला उपसमिति सदस्य |
| २. | दोश्रो | मोहन नारायण श्रेष्ठ | ऋण लगानी उपसमिति सदस्य |

११) <u>सदस्यद्धारा दैनिक कारोबार उद्धाटन</u> :- यस संस्थामा हरेक दिन कार्यालयमा पहिलो उपस्थित हुने सदस्यको हातबाट संस्थाको दैनिक कारोबार उद्धाटन गर्ने गरिएको छ ।

१२) <u>स्थापना दिवस</u> :- संस्थाको दर्ता भएको दिन भाद्र २३ गते संस्थाको स्थापना दिवस नियमित रुपमा मनाउने कार्यक्रमलाई निरन्तरता दिइएको छ । उक्त अवसरमा यस संस्थाले विभिन्न सामाजिक कार्यक्रम गर्ने गरेको छ ।

१३) <u>शुद्ध खानेपानी तथा जुस वितरण कार्यक्रम</u> :- यस तीर्थ साकोसले पशुपति क्षेत्रमा पाल्नु भएका श्रद्धालु भक्तजनहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै हरेक वर्ष शुद्ध खानेपानी तथा जुस वितरण कार्यक्रम गर्दै आइरहेको छ । यसै कार्यलाई निरन्तरता दिदैं मिती २०७९ साल साउन ३० गते सोमबार, हरितालिका तिजको उपलक्ष्यमा मिती २०७९ साल भाद्र १४ गते मंगलबार र फागुन ०६ गते महाशिवरात्रीको अवसरमा शुद्ध खानेपानी तथा जुस वितरण कार्यक्रम सम्पन्न गरेका थियौं । आगामी वर्षहरुमा पनि यसलाई निरन्तर रुपले सम्पन्न गर्दै लाने कुरा जानकारी गराउँन चाहान्छु ।

१४) <u>नि:शुल्क स्वास्थ्य शिविर</u> :- यस तीर्थ साकोसले पशुपति क्षेत्रमा पाल्नु भएका श्रद्धालु भक्तजनहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै हरितालिका तिजको उपलक्ष्यमा मिती २०७९ साल भाद्र १४ गते मंगलबार नि:शुल्क स्वास्थ्य शिविर कार्यक्रम आयोजना गरेको थियो जसमा हामीले स्वस्थ्य स्वयंम सेवक मार्फत सदस्यहरुको सुगर, प्रेसर लगायत विभिन्न रोगहरुको नि:शुल्क जाँच गरेका थियौं ।

१५) <u>सदस्यहरु भेटघाट तथा उपहार वितरण कार्यक्रम</u> :- हामीले सदस्यहरु संग तत्कालिन बजार स्थिति बुझ्दै उपहार सहितको घरदैलो कार्यक्रम गरेका थियौं । सहकारी संस्थाहरु प्रती बढिरहेको वितृष्णाको बाबजुद पनि यस साकोस संग कारोबार गर्नुहुने सम्पुर्ण सदस्यहरु प्रती हामीले भेटघाटको क्रममा उहाँहरुलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गरेका थियौं ।

१६) <u>तीर्थ १०० को सौगात</u> :- हामीले यस संस्थाबाट सदस्यहरुको बचत गर्ने बानीको विकास गर्ने उदेश्यले तीर्थ १०० को सौगात नामक १०० दिने आवधिक बचत खाता योजना ल्याएका थियौं । जसमा हामीले १६२ जना सदस्यहरु बाट रु. १०,००० को दरले रु १,६२०,००० रकम बचत गराउन सफल भएका थियौं । त्यस १०० दिने अवधिमा हामीले सम्पूर्ण कर्मचारी तथा संचालक समिति तथा उपसमिति सदस्यहरुलाई उक्त बचत वृद्धिका लागि निश्चित लक्ष्य दिएका थियौं ।

अन्त्यमा यस सहकारीको बाह्रौं वार्षिक साधारण सभा सफलता पूर्वक सम्पन्न गर्न आफ्नो कार्य व्यस्तताका बाबजुद पाल्नुभएका प्रमुख अतिथि, विशिष्ट अतिथि, सम्पुर्ण अतिथिगण, शेयर सदस्यहरु, समिती तथा उपसमितीका पदाधिकारीहरु, कर्मचारी मित्रहरु लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै, सकारात्मक सल्लाह सुझावको अपेक्षा राख्दै यस बाह्रौं वार्षिक साधारण सभाले यो वार्षिक प्रगति प्रतिवेदन पारित गरियोस भनि यस गरिमामय सभा समक्ष मेरो प्रतिवेदन पेश गरेको छु ।

जय सहकारी ।।।
जय तीर्थ ।।।
धन्यवाद्

सचिव
सिम्रन थपलिया

## तेह्रौ वार्षिक साधारण सभा समक्ष संचालक समितीको तर्फबाट कोषाध्यक्ष प्रविन के.सी.को प्रतिवेदन

आदरणिय सदस्य महानुभावहरु, यस तीर्थ बचत तथा ऋण सहकारी संस्था लि. को प्रगती विवरणलाई यस सभामा पेश गर्नको लागि अनुमति चाहान्छु । यस सभाको सभापतित्व गरी रहनु भएका यस सभा सभापति ज्यू, हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, अन्य अतिथि ज्यू, शेयर सदस्य महानुभावहरु, संचालक तथा लेखा समितीका पदाधिकारी ज्यूहरु, विभिन्न उप–समितिका पदाधिकारी ज्यूहरु, सभामा उपस्थित हुनुभएका सम्पूर्ण बुवा, आमा, दाजुभाइ, दिदी बहिनी लगायत सम्पूर्ण शुभचिन्तक मित्रहरु तथा यस संस्थामा कार्यरत सम्पुर्ण कर्मचारी साथीहरुमा संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहान्छु ।

आदरणिय शेयर सदस्य महानुभावहरु आज यस सभामा संस्थाले वर्ष भरी गरेको कारोबार तथा संस्थाको वित्तिय विवरण यहाँहरु समक्ष पेश गर्न चाहान्छु ।

आ.ब. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदनको संक्षिप्त विवरण यस प्रकार रहेको छ ।

<u>शेयर पूँजी</u> :- आ.व. २०७९/०८० का तथ्याङ्क अनुसार गत अषाढ मसान्तमा संस्थाको कुल शेयर पूँजी रु. १,११,८०,२००।– रहेको छ ।

<u>निक्षेप संकलन</u> :- गत अषाढ मसान्तमा संस्थाको जम्मा निक्षेप दायित्व रु ६,१०,२२,२८७.१० रहेको छ ।

<u>कर्जा लगानी</u> :- अषाढ मसान्तमा संस्थाको जम्मा कुल कर्जा लगानी रु ७,०१,२८,२४०.१३ रहेको छ ।

<u>संस्थाको तरलता</u> :- गत अषाढ मसान्त सम्ममा संस्थाको बैंक तथा नगद मौज्दात रु ७१,२१,११६.०७ रहेको छ ।

<u>आम्दानी</u> :- गत अषाढ मसान्त सम्ममा संस्थाको जम्मा ऋण लगानीबाट ब्याज आम्दानी र अन्य आम्दानी गरेर रु ८४,०५,६५८.७९ रहेको छ ।

<u>खर्च तर्फ</u> :- गत अषाढ मसान्त सम्ममा यस वर्षको ब्याज खर्च, कार्यालय संचालन खर्च, कर्मचारी तलब खर्च, बाह्य कर्जा ब्याज खर्च, ऋण नोक्सानी कोष खर्च, ह्रासकट्टि खर्च गरेर जम्मा खर्च रु १,७८,४७,५०७.८९ रहेको छ ।

<u>नाफा/घाटा</u> :- गत अषाढ मसान्त सम्ममा रु ९४,४१,८४९.१०।- संचालन घाटा देखिएको छ ।

आदरणिय शेयर सदस्य महानुभावहरु,

अब म यस गरिमामय सभामा यस संस्थाको आगामी आ.व. २०८०/०८१ को लागि अनुमानित आय ब्याय को विवरण (बजेट) प्रस्तुत गर्न चाहान्छु ।

## आय विवरण

| रणनीतिक क्रियाकलाप | आगामी वर्ष |
|---|---|
| वित्तीय आम्दानी | |
| क) ऋणबाट प्राप्त आम्दानी | |
| १) ऋणबाट प्राप्त ब्याज | १,५०,००,००० |
| २) ऋणबाट प्राप्त हर्जना | १०,००,००० |
| ३) अपलेखित ऋण असुली | ० |
| ४) ऋणमा ब्याज छुट | (५,००,०००) |
| जम्मा | १,५५,००,००० |
| १) लगानीबाट प्राप्त आम्दानी | ६०,००० |
| २) तरल लगानीबाट प्राप्त | २५,००,००० |
| ३) वित्तीय लगानीबाट प्राप्त | ० |
| जम्मा | २५,६०,००० |
| वित्तीय आम्दानी जम्मा | १,८०,६०,००० |

# आय विवरण

| रणनीतिक क्रियाकलाप | आगामी वर्ष |
|---|---|
| वित्तीय आम्दानी | |
| ख) अन्य आम्दानी | |
| १) खाता बन्द शुल्क | २०,००० |
| २) ऋण आवेदन फारम शुल्क | १,५०,००० |
| ३) पासबुक / प्रमाण पत्र | ५,००० |
| ४) विप्रेषण सेवाबाट प्राप्त आम्दानी | ७५,००० |
| ५) ऋण व्यवस्थापन शुल्क | ७,५०,००० |
| ६) सेवा शुल्क | ३,००,००० |
| ७) मोबाइल बैंकिङ शुल्क | १,६०,००० |
| ८) ऋण नवीकरण शुल्क | ३,३०,००० |
| ९) ई सेवा फोन पे कमिसन | १,००,००० |
| १०) विविध | ५०,००० |
| जम्मा | १९,४०,००० |
| कुल जम्मा | २,००,००,००० |

# खर्च विवरण

| रणनीतिक क्रियाकलाप | आगामी वर्ष |
|---|---|
| संचालन खर्च | |
| क) कार्यक्रमिक खर्च | |
| १) योजना निर्माण | २०,००० |
| २) समीक्षा गोष्ठी / सहकारी शिक्षा | ३५,००० |
| ३) स्वास्थ्य शिविर | १०,००० |
| ४) स्थापना दिवस / सहकारी दिवस | १४,००० |
| ५) सामाजिक कार्यक्रम | ५,००० |
| जम्मा कार्यक्रमिक खर्च | ८४,००० |

# खर्च विवरण

| रणनीतिक क्रियाकलाप | आगामी वर्ष |
|---|---|
| **संचालन खर्च** | |
| **ख) कार्यालय संचालन खर्च** | |
| कर्मचारी तलब खर्च | ४१,००,००० |
| कर्मचारी सञ्चय कोष खर्च | ३,००,००० |
| कर्मचारी पोसाक खर्च | ६०,००० |
| कर्मचारी दशैं खर्च | २,६४,००० |
| साधारण सभा खर्च | ३,३५,००० |
| संचालक दशैं खर्च | ० |
| नविकरण खर्च | १०,००० |
| मसलन्द स्टेसनरी तथा छपाई प्रकाशन | १,६०,००० |
| तालिम तथा शिक्षा | २५,००० |
| सुचना सञ्चार | ६५,००० |
| विद्युत र खानेपानी खर्च | ६०,००० |
| पुरस्कर तथा सम्मान | २०,००० |
| यातायात भ्रमण | ५,००० |
| वैठक खर्च | २,०७,६०० |
| बिमा खर्च | ३६,००० |
| चियानास्ता मसलन्द | ० |
| अतिथी सत्कार | ३०,००० |
| सफ्टवयर खर्च | १,५०,००० |
| पत्रपत्रिका | ५,००० |
| मर्मत संभार | ३५,००० |
| ढुवानी ज्याला | २,००० |
| भैपरी आउने | ५,००० |
| सामाजिक क्रयाकलाप खर्च | ५,००० |
| व्यवसाय नविकरण शुल्क | ५,००० |
| अध्ययन अवलोकन भ्रमण खर्च | २,००,००० |
| विज्ञापन खर्च | २०,००० |
| सामान खरिद | १०,००० |
| सरसफाई खर्च | २०,००० |
| मोबाईल बैंकिङ शुल्क | १००० |
| बैंक चार्ज | २,५०० |
| कर्जा व्यवस्थापन शुल्क | २५,००० |
| कर्जा स्थलगत शुल्क | २५,००० |
| ह्रस खर्च | २,००,००० |
| घरभाडा खर्च | ३,३०,००० |
| घरभाडा कर | ३८,४०० |
| **जम्मा कार्यालय सञ्चालन खर्च** | **६८,००,५००** |

# खर्च विवरण

| रणनीतिक क्रियाकलाप | आगामी वर्ष |
|---|---|
| संचालन खर्च | |
| ग) वित्तीय खर्च | |
| १) बचत ब्याज खर्च | ८५,००,००० |
| २) वाह्य ऋणको ब्याज खर्च | २३,००,००० |
| जम्मा वित्तीय खर्च | १,०८,००,००० |
| कुल जम्मा खर्च | १,७६,८४,५०० |
| ऋण सुरक्षण खर्च | ८,८५,००० |
| कर अघिको बचत (नाफा) | १४,३०,५०० |
| कर दायित्व | २,८६,१०० |
| कर पछिको खुद बचत | ११,४४,४०० |

अन्त्यमा,

यहाँहरुले प्रदान गर्नु भएको अमूल्य विश्वासका साथ वर्तमान सञ्चालक समिति लगायत मलाई प्रदान गर्नु भएको जिम्मेवारी आफ्नो क्षमता, सिप, समय र अनुभवको आधारमा रही समग्र कामहरु यस अवधिमा सम्पादन गर्ने प्रयास गरेको छु । प्रस्तुत गरिएको वित्तीय विवरणलाई सारभूत रुपमा यथार्थको नजिक ल्याउनको लागि तपाई सम्पूर्ण शेयर सदस्यज्यूहरुको अतुलनिय योगदान रहने कुरा अनुरोध गर्न चाहान्छु । तपाईहरुको धेरैभन्दा धेरै यस संस्थासँग अर्थपूर्ण वित्तीय सहयात्रा भएमा मात्र यी आँकडाहरुको उपलब्धी हामीसामु आउने कुरामा दुई मत नहुन सक्छ, तसर्थ प्रस्तुत गरिएको वित्तीय विवरण र मेरो अपेक्षा भनेको तपाई सबैको संस्थामा अर्थपूर्ण सहभागिता हो भन्ने मलाई लागेको छ ।

गत आर्थिक वर्षभरि नै संस्थासँग सम्बद्ध रही कारोबार गर्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दै कुनै पनि जिज्ञासा तथा प्रश्नहरु भएमा प्रष्टीकरणका लागि उपस्थित हुने वाचा गर्दै बिदा हुन चाहान्छु ।

जय सहकारी ।।।
जय तीर्थ ।।।
धन्यवाद्

कोषाध्यक्ष
प्रविन के.सी

तीर्थ
सदस्यको सहकारी सदस्यको सेवामा
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Tirtha Saving & Credit Cooperative Society Ltd.

## तेह्रौ वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत
## आ.व. २०७९/०८० को लेखा प्रतिवेदन – २०८०

यस तीर्थ साकोसको तेह्रौ वार्षिक साधारणसभाका सभापतित्व गरी रहनु भएका यस सभाका सभापति ज्यू, हाम्रो निमन्त्रणालाई स्विकार गरि पाल्नु भएका प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, अन्य अतिथि ज्यू, शेयर सदस्य महानुभावहरु, संचालक समिती तथा लेखा समितीका पदाधिकारीज्यूहरु, विभिन्न उप-समितिका पदाधिकारी ज्यूहरु, यस संस्थाका सल्लाहकार ज्यू, सभामा उपस्थित हुनुभएका सम्पूर्ण शुभचिन्तक मित्रहरु तथा यस संस्थामा कार्यरत सम्पुर्ण कर्मचारी साथीहरुमा हार्दिक नमस्कार तथा सहकारी अभिवादन ।

यस साकोसको लेखा सूपरिवेक्षण समितिमा भए पश्चात गरिएको अनुगमन तथा सुपरिवेक्षणबाट पत्ता लागेको तथ्यगत व्यहोराहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

१) अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :- गत वर्षको १२ औं वार्षिक साधारण सभाले गरेका अधिकांश निर्णयहरु कार्यान्वयन भएका छन् ।

२) आ.व. २०७९/०८० मा संचालक समिति बसेको बैठक संख्या, निर्णयहरु, निर्णयहरुको कार्यान्वयनको अवस्था :- आ.व. २०७९/०८० मा संचालक समितिको बैठक औपचारिक रुपमा १२ पटक बसेको साकोसको संचालक समितिको निर्णय पुस्तिकाबाट देखिन्छ र सो बैठकमा भएका निर्णयहरु कार्यान्वयन भएको देखिन्छ ।

३) ऋण लगानी प्रकृया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धि व्यवस्था :- यस साकोसले ऋण लगानी प्रकृया अन्तर्गत ऋण उपसमितिले ऋण माग आवेदन उपर आवश्यक प्रकृया पुरा गरि संचालक समितिमा पेश गरेको र संचालक समितिले आवश्यक छानविन गरी कर्जा स्विकृत गरेको पाईयो ।

४) सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धि सक्षिप्त विवरणहरु :- यस साकोसले सहकारी ऐन–२०७४ ले निर्देशित गरिएका मापदण्डहरुलाई पूर्णरुपमा पालना गर्न कोशिस गरिएको पाईएको छ ।

५) पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :-

५.१) पारिश्रमिक :- नभएको
५.२) भत्ता :- नभएको
५.३) अन्य सुविधाहरु :- नभएको

६) कर्मचारी सम्बन्धि व्यवस्थाहरु :-

६.१) साधारण सभाबाट पारित कर्मचारी सम्बन्धि नियमावली भए/नभएको :- भएको
६.२) कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याईएको/नल्याईएको :- प्रयोगमा ल्याईएको
६.३) भर्ना प्रकृया पारदर्शिता र प्रतिश्पर्धात्मक भएको/नभएको :-
कर्मचारी भर्ना गर्दा संचालक समितिले निर्णय गरी सार्वजनिक सुचना प्रकाशित गरी पारदर्शिता र प्रतिश्पर्धात्मक तरिकाले नियुक्ति गरेको पाईएको छ ।

६.४) कार्यरत कर्मचारीहरु र कार्यबोझ बिच तादम्यता रहेको/नरहेको :-
तादम्यता रहेको तथा आन्तरिक समन्वयबाट कार्य सम्पादन भएको पाईएको छ ।

६.५) कर्मचारी भर्ना प्रकृया तथा संख्या :-
संचालक समितिको निर्णयनुसार सार्वजनिक सुचना प्रकाशित गरि प्रतिस्पर्धात्मक पद्धती बाट भर्ना गरेको र हाल जम्मा १३ जना कर्मचारी कार्यरत रहेको ।

अस्थायी कर्मचारी भएको/नभएको :- भएको
अस्थायी कर्मचारी संख्या :- ०९ जना

७) लेखा समितिले यस अघि दिईएको प्रतिवेदनका सुझावहरु कार्यान्वयनको अवस्था :-
सुझावहरु कार्यान्वयन भएको पाईयो ।

८) लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :-
यस समितिले आन्तरिक लेखा परिक्षण गर्दा खासै उल्लेख गर्नु पर्ने विषयवस्तु नरहेको पाइयो ।

९) लेखा समितिका सुझावहरु :-
क) पल्स अनुगमन विधिलाई अझ पूर्ण रुपमा पालन गर्ने/गराउन सुझाव दिईन्छ ।
ख) कर्जा नोक्सानी ब्यवस्थालाई १००% पुर्याउनु पर्ने देखिन्छ ।
ग) कर्जा लगानी गर्दा कार्यक्रम तथा योजना अनुरुप गर्ने/गराउन सुझाव दिईन्छ ।
घ) स्थिर सम्पत्तिहरु (फर्निचर, कम्प्यूटर, प्रिन्टर, दराज तथा अन्य सम्पत्तिहरु) को विवरण सुचिकृत गरी कोड नम्बरहरु बनाई सम्बन्धित सबै सम्पत्तिहरुमा टाँस गर्ने/गराउन सुझाव दिइन्छ ।
ङ) अघिल्लो आ.व.को तुलनामा ऋणको मुल्तबी ब्याज घटेपनि उक्त मुल्तबी ब्याज शुन्यमा ल्याउन विशेष कार्यक्रम सहित ऋण असुली गर्न सुझाव दिइन्छ ।

जय सहकारी । जय तीर्थ ।

लेखा सुपरिवेक्षण समिति सदस्य
रुपलाल खत्री

REGD. No:
ICAN M. No: 921
COP No: 217 "C"

PAN No: 301358402
Mobile No :
Chabahil - 07, Kathmandu.

# Ram Narayan Associates
## Registered Auditors

तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेडका
शेयर सदस्य महानुभावहरु समक्ष
स्वतन्त्र लेखापरीक्षको प्रतिवेदन

हामीले यसै साथ संलग्न श्री तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड, का.मा.प. - ०७, मित्रपार्क, काठमाडौंको ३१ असार २०८० को वित्तीय आवस्थाको विवरण (वासलात) र सोहि मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो राय,
तल बुदा नं. १ देखि २ सम्म लेखिएका कुराहरु तथा त्यसबाट वित्तीय विवरणहरुमा पर्ने असर बाहेक हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरु लेखा सँग सम्बन्धित टिप्पणीहरुका साथ अध्यन गर्दा, ३१ असार २०८० को वित्तीय अवस्था तथा सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा नेपाल लेखमान बमोजिम तथा अन्य कानुनी आवश्यकता बमिजिम समुचित तथा यथार्थ चित्रण गर्दछ ।

१. संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४, नियमावली, २०६६ र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धि सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ मा भएको व्यवस्थाहरु अनुसार प्रत्येक सदस्यको अझ व्यवस्थित रुपमा स्पष्ट अभिलेख राख्नुपर्ने देखिन्छ ।
२. संस्थाले आफ्नो कार्यालयमा रहने न्यूनतम नगद मौज्दात, मार्गस्थल नगद र कारोबार काउन्टरको विमा गर्नुपर्ने देखिन्छ ।

रायका आधारहरु,
लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो रायका लागि पर्याप्त तथा उचित आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

आर्थिक विवरण र सुशासनप्रति व्यवस्थापनको जिम्मेवारी
नेपाल लेखामान (NAS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनि तयारी र प्रस्तुतीकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणाली तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्काल अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग- २१७

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छिन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरु बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छिन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रुपमा जिम्मेवार रहन्छ ।
सुशासनसंग सम्बन्धित व्यक्तिहरु संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**लेखापरीक्षकको जिम्मेवारी,**

हाम्रो उदेश्यहरु सम्पूर्ण वित्तीय विवरणहरु सारभूत त्रुटिबाट रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर ग्यारेन्टी छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभूत त्रुटी पत्ता लगाउँदछ । त्रुटीहरु ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समग्रमा यदि प्रयोगकर्ताहरुको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।
व्यवस्थापनले कार्यन्वयन गरेको अविच्छिन्नताको आधारमा उचिततताका साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छिन्न्ताको सारभूत अनिश्चितता माथि शंका उत्पन्न गर्ने घटना वा अवस्थाहरु रहे नरहेको यकिन गर्दछौं । यदि सारभूत अनिश्चितता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरु संग सम्बन्धित खुलासाहरुमा ध्यान केन्द्रित गर्न आवश्यक पर्ने हुन्छ । यदि त्यस्ता खुलासहरु अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष हाम्रो लेखापरीक्षण प्रतिवेदनको मितिसम प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित छ ।

**मन्तव्य**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

- हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।
- हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताबहरु माथि बुदा नं. १ देखि २ सम्म लेखिएका कुराहरु बाहेक प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।
- यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।
- लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवमं हामीलाई दिइएको जानकारी र स्पष्टीकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा संचालक समिति वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

श्री रामनारायण खड्का
लेखापरीक्षक
राम नारायण खड्का
प्रोपाइटर

मिति : २०८०/०८/२९
स्थान : काठमाण्डौ, नेपाल
VDIN No : 231219RA00921pw6r

# तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## मित्रपार्क काठमाडौँ

### वित्तीय अवस्थाको विवरण (वासलात)

### २०८० साल असार मसान्त

| विवरण | टिप्पणी | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ४ | ७,१२१,११६.०७ | १२,७१२,४३३.९१ |
| लगानी हिसाब | ५ | ८,३७१,४३४.५४ | ६२५,०००.०० |
| सदस्यलाई दिएको ऋण सापटी | ६ | ७०,१२८,२४०.१३ | ७९,९३०,३७६.७३ |
| सम्पत्ति तथा उपकरण | ७ | १,३४५,७३८.३५ | १,७४२,१६४.४७ |
| अन्य सम्पत्तिहरु | ८ | २,१७६,९६३.८२ | ५,७८३,३५९.५१ |
| स्थागन कर सम्पत्ति | | - | - |
| **कुल सम्पत्ति** | | ८९,१४३,४९२.९१ | १००,६९३,३३४.६२ |
| **दायित्व** | | | |
| तिर्न बाँकी बाह्या ऋण | ९ | २०,८५८,७३३.६७ | १३,९१७,७३६.८० |
| सदस्यबाट संकलन गरेको निक्षेप | १० | ६१,०२२,२८७.१० | ६७,०९९,३४७.८५ |
| आयकार दायित्व | ११ | - | ९४,१९८.८४ |
| ऋण नोक्सानी व्यवस्थाहरु | १२ | १,०५०,०००.०० | ७९९,५०४.०० |
| अन्य दायित्वहरु | १३ | ४,८५८,०३२.७३ | ५,६०१,५४३.९९ |
| **जम्मा दायित्वहरु** | | ८७,७८९,०५३.५० | ८७,५१२,३३१.४८ |
| **इक्विटी** | | | |
| शेयर पूँजी | १४ | ११,१८०,२००.०० | ११,५३२,२००.०० |
| जगेडा कोष तथा अन्य कोषहरु | १५ | (९,८२५,७६०.५९) | १,६४८,८०३.१४ |
| **कुल पूँजी** | | १,३५४,४३९.४१ | १३,१८१,००३.१४ |
| **कुल पूँजी तथा दायित्व** | | ८९,१४३,४९२.९१ | १००,६९३,३३४.६२ |

| | | | | |
|---|---|---|---|---|
| अनन्त श्रेष्ठ | सिम्रन थपलिया | प्रविण केसी | युनान कार्की | राम नारायण खड्का |
| अध्यक्ष | सचिव | कोषाध्यक्ष | प्रमुख व्यवस्थापक | लेखापरिक्षक |

# तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## मित्रपार्क काठमाडौँ

### नाफा वा नोक्सान विवरण

### २०७९ श्रावन ०१ गते देखि २०८० असार मसान्त सम्म

| विवरण | टिप्पणी | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| ब्याज आम्दानी | १६ | ७,१३०,८५३.८१ | १३,४७९,७४५.३९ |
| ब्याज खर्च | १७ | ९,७२३,९५७.४७ | ९,४०८,१४०.५१ |
| **खुद ब्याज आम्दानी** | | (२,५९३,१०३.६६) | ४,०७१,६०४.८८ |
| अन्य संचालन आम्दानी | १८ | १,२७४,८०४.९८ | १,९०६,८४८.४४ |
| **कुल संचालन आम्दानी** | | (१,३१८,२९८.६८) | ५,९७८,४५३.३२ |
| कर्जा नोक्सानी जोखिम व्यवस्था (फिर्ता) | १२ | २५०,४९६.०० | ११६,१२९.९६ |
| **खुद संचालन आम्दानी** | | (१,५६८,७९४.६८) | ५,८६२,३२३.३६ |
| संचालन खर्च | | | |
| कर्मचारी खर्च | १९ | ४,५०७,९४५.३५ | ३,४५४,७९२.१५ |
| प्रशासनिक खर्च | २० | २,९३३,१८२.९५ | १,०८९,७११.५२ |
| ह्रासकट्टी खर्च | ०७ | ४३१,९२६.१२ | ३७५,८३१.२७ |
| **संचालन नाफा** | | (९,४४१,८४९.१०) | ९४१,९८८.४२ |
| गैर संचालन आम्दानी | २१ | - | - |
| गैर संचालन खर्च | २२ | - | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | | (९,४४१,८४९.१०) | ९४१,९८८.४२ |
| कर्मचारी बोनस खर्च | | - | - |
| **आयकर अघिको नाफा** | | (९,४४१,८४९.१०) | ९४१,९८८.४२ |
| आयकर खर्च | | - | - |
| चालु आयकर | ११ | - | ९४,१९८.८४ |
| गत वर्ष आयकर खर्च | | - | - |
| स्थगन कर आम्दानी/खर्च | | - | - |
| **खुद नाफा/(नोक्सान)** | | (९,४४१,८४९.१०) | ८४७,७८९.५८ |

| अनन्त श्रेष्ठ<br>अध्यक्ष | सिम्रन थपलिया<br>सचिव | प्रविण केसी<br>कोषाध्यक्ष | युनान कार्की<br>प्रमुख व्यवस्थापक | रामे नारायण खड्का<br>लेखापरिक्षक |
|---|---|---|---|---|

# तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## मित्रपार्क काठमाडौँ

### नगद प्रवाह विवरण

### २०७९ श्रावन ०१ गते देखि २०८० असार मसान्त सम्म

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| <u>कारोबार संचालनबाट भएको नगद प्रवाह</u> | | |
| आयकर व्यवस्था पछिको खुद नाफा | (९,४४१,८४९.१०) | ८४७,७८९.५८ |
| ह्रासकट्टी खर्च | ४३१,९२६.१२ | ३७५,८३१.२७ |
| | (९,००९,९२२.९८) | १,२२३,६२०.८५ |
| <u>संचालन सम्बन्धि चालु सम्पत्तिमा कमि/(वृद्धि)</u> | | |
| सदस्यबाट निक्षेपमा वृद्धि/(कमि) | (६,०७७,०६०.७५) | ८,६९६,५९१.०४ |
| अन्य दायित्व तथा व्यवस्था वृद्धि/(कमि) | (८३७,७१०.१०) | (२८७,१५५.७९) |
| सदस्यलाई दिएको कर्जा सापटीमा (वृद्धि)/कमि | ९,८०२,१३६.६० | (१४,६२७,८५७.१३) |
| अन्य सम्पत्तिहरुमा (वृद्धि)/कमि | ३,६०६,३९५.६९ | ५,११५,३३८.९० |
| ऋण नोक्सानी कोष व्यवस्था वृद्धि/(कमि) | २५०,४९६.०० | ११६,१२९.९६ |
| कारोबार संचालनबाट भएको खुद नगद प्रवाह (क) | (२,२६५,६६५.५४) | २३६,६६७.८३ |
| <u>लगानीबाट भएको नगद प्रवाह</u> | | |
| लगानी कमि/(वृद्धि) | (७,८४६,४३४.५४) | (१००,०००.००) |
| स्थिर सम्पत्ति (खरिद)/बिक्री | (३५,५००.००) | (५४३,६५९.२७) |
| लगानीबाट खुद नगद प्रवाह (ख) | (७,८८१,९३४.५४) | (६४३,६५९.२७) |
| <u>वित्तीय कारोबारबाट भएको नगद प्रवाह</u> | | |
| शेयर पूँजीमा वृद्धि | (३५२,०००.००) | ४१०,४००.०० |
| बाह्य ऋणमा वृद्धि | ६,९४०,९९६.८७ | (४,२०८,९३०.५३) |
| कोषहरुका वितरण समायोजन | (२,०३२,७१४.६३) | ०.०२ |
| वित्तीय कारोबारबाट भएको खुद नगद प्रवाह (ग) | ४,५५६,२८२.२४ | (३,७९८,५३०.५१) |
| यस अवधिको खुद नगद प्रवाह (क+ख+ग) | (५,५९१,३१७.८४) | (४,२०५,५२१.९५) |
| नगद तथा बैंकको शुरुवाती मौज्दात | १२,७१२,४३३.९१ | १६,९१७,९५५.८७ |
| नगद तथा बैंकको अन्तिम मौज्दात | ७,१२१,११६.०७ | १२,७१२,४३३.९१ |

| | | | | |
|---|---|---|---|---|
| अनन्त श्रेष्ठ<br>अध्यक्ष | सिम्रन थपलिया<br>सचिव | प्रविण केसी<br>कोषाध्यक्ष | युनान कार्की<br>प्रमुख व्यवस्थापक | राम नारायण खड्का<br>लेखापरिक्षक |

# तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## मित्रपार्क काठमाडौँ

### नाफाको बाँडफाड हिसाब

### २०७९ श्रावन ०१ गते देखि २०८० असार मसान्त सम्म

| विवरण | प्रतिशत | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| यस वर्षको मुनाफा | २५ | (९,४४१,८४९.१०) | ८,४७,७८९.५८ |
| साधारण जगेडा कोष | | - | २,११,९४७.३९ |
| संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा | | - | ६,३५,८४२.१८ |
| बाँडफाँड | | | |
| संरक्षित पूँजी फिर्ता कोष | २५ | - | १५८,९६०.५५ |
| सहकारी प्रवर्द्धन कोष | ०.५ | - | ३,१७९.२१ |
| अन्य कोषमा बाँडफाँड अगाडीको नाफा | | - | ४७३,७०२.४३ |
| अन्य कोषको बाँडफाँड | | | |
| शेयर लाभांश कोष | ७० | - | ३,३१,५९१.७० |
| सहकारी शिक्षा कोष | ५ | - | २३,६८५.१२ |
| सहकारी विकास कोष | ५ | - | २३,६८५.१२ |
| सामुदायिक विकास कोष | ५ | - | २३,६८५.१२ |
| घाटापूर्ति कोष | ५ | - | २३,६८५.१२ |
| स्थिरिकरण कोष | ५ | - | २३,६८५.१२ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ | - | २३,६८५.१२ |
| जम्मा | १०० | - | ४७३,७०२.४३ |

| अनन्त श्रेष्ठ<br>अध्यक्ष | सिम्रन थपलिया<br>सचिव | प्रविण केसी<br>कोषाध्यक्ष | युनान कार्की<br>प्रमुख व्यवस्थापक | राम नारायण खड्का<br>लेखापरिक्षक |
|---|---|---|---|---|

# तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## मित्रपार्क काठमाडौँ

### ईक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण
### २०७९ श्रावन ०१ गते देखि २०८० असार मसान्त सम्म

| विवरण | शेयर पूँजी | साधारण जगेडा कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|
| श्रावण १, २०७८ सालको मौज्दात | ११,१२१,८००.०० | २००,२०९.४२ | ६००,८०४.१४ | ११,९२२,८१३.५६ |
| समायोजन | - | - | - | - |
| श्रावण १, २०७८ सालको समायोजन मौज्दात | ११,१२१,८००.०० | २००,२०९.४२ | ६००,८०४.१४ | ११,९२२,८१३.५६ |
| यस वर्षको आय विवरणबाट | - | २११,९४७.४० | ६३५,८४२.१८ | ८४७,७८९.५८ |
| कोष समायोजन | - | - | - | - |
| शेयर पूँजीमा वृद्धि/(कमि) | ४१०,४००.०० | - | - | ४१०,४००.०० |
| असार ३२, २०७९ सम्मको मौज्दात | ११,५३२,२००.०० | ४१२,१५६.८२ | १,२३६,६४६.३२ | १३,१८१,००३.१४ |
| श्रावण १, २०७९ सालको मौज्दात | ११,५३२,२००.०० | ४१२,१५६.८२ | १,२३६,६४६.३२ | १३,१८१,००३.१४ |
| समायोजन | - | - | - | - |
| श्रावन १, २०७९ सालको समायोजित मौज्दात | ११,५३२,२००.०० | ४१२,१५६.८२ | १,२३६,६४६.३२ | १३,१८१,००३.१४ |
| यस वर्षको आय विवरणबाट | - | (९,४४१,८४९.१०) | - | (९,४४१,८४९.१०) |
| कोष समायोजन | - | (२,०३२,७१४.६३) | - | (२,०३२,७१४.६३) |
| शेयर पूँजीमा वृद्धि/(कमि) | (३५२,०००.००) | - | - | (३५२,०००.००) |
| असार ३१, २०८० सम्मको मौज्दात | ११,१८०,२००.०० | (११,०६२,४०६.९) | १,२३६,६४६.३२ | १,३५४,४३९.४१ |

अनन्त श्रेष्ठ
अध्यक्ष

सिम्रन थपलिया
सचिव

प्रविण केसी
कोषाध्यक्ष

युनान कार्की
प्रमुख व्यवस्थापक

राम नारायण खड्का
लेखापरिक्षक

# तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## मित्रपार्क, काठमाडौँ

### वित्तीय विवरण सम्बन्धि टिप्पणीहरु

१. <u>संस्थाको परिचय</u>

श्री तीर्थ बचत तथा वण सहकारी संस्था लिमिटेड वि.सं. २०६७ सालमा साबिक सहकारी ऐन, २०४८ अनुसार स्थापना भएको सहकारी संस्था हो। यसको मुख्य कार्यालय काठमाडौं जिल्लाको का. मा. पा.-७, मित्रपार्कमा अवस्थित छ। यस संस्थाको स्थायी लेखा नम्बर ६०२९९५६५६ रहेको छ ।

संस्थाको प्रमुख गतिविधिहरुमा बचत संकलन, ऋण लगानी आदि पर्दछन्। यी सेवाहरु संस्थाले आफनो कार्य क्षेत्र भित्रका शेयर सदस्यहरुलाई प्रदान गर्दै आएको छ।

२. <u>लेखाङ्कनको आधार तथा अनुपालना</u>

२.१ बित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकोमा बाहेक ऐतिहासिक लागत अवधारणा, सर्वमान्य लेखा सिद्धान्त तथा सहकारीमा प्रचलित लेखा नीति, नेपाल लेखमान (NAS), सहकारी ऐन, नियमावली तथा निर्देशिका बमोजिम दोहोरो लेखा प्रणाली अनुसार तयार गरिएको छ।

वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण (बासलात), नाफा नोक्सानको विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण नगद प्रवाहको विवरण र लेखाङ्कनका टिप्पणीहरू समावेश गरिएका छन् ।
वार्षिक वित्तीय विवरण तयार गर्दा अपनाईएका प्रमुख लेखा नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

२.२ संलग्न वित्तीय विवरणले मिति ०१ श्रावण २०७९ देखि मिति ३१ असार २०८० को अवधिलाई समेटि मिति ३१ असार २०८० को वित्तीय अवस्था प्रस्तुत गरेको छ। उक्त वित्तीय विवरण र सो को ३२ असार २०७९ को वित्तीय अवस्थासँगको तुलनात्मक स्थितिको अवस्थाको प्रकाशन तथा बार्षिक साधारण सभामा स्विकृतीको लागि पेश गर्न सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको छ ।

२.३ संलग्न वित्तीय विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ। आर्थिक विवरणमा देखाईएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैयामा लेखिएका छन् जुन संस्थाको कार्यात्मक मुद्रा पनि हो ।

२.४ निरन्तरताको आधार

संस्थाको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा (Going Concern Basis) चलिरहन्छ भन्ने क्षमताको समीक्षा गरेको छ । संस्थाको व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ। यसका लागि सन्चालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरु विश्लेषण गरेको छ ।

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग-२१७

## ३. प्रमुख लेखा नीतिहरु

वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन्। अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ।

वित्तीय विवरण ऐतिहासिक मूल्यमा तयार पारिएको छ। बित्तीय विवरणहरु निरन्तरताको आधारमा तयार गरिएको छ । लेखामान नीति र धारणाहरु लेखामान मानक अनुरुप लागु गरिएको छ र कुनै फरक नीति र धारणाहरू अपनाएको अवस्थामा त्यसलाई बिशेष रुपमा उल्लेख गरिएको छ ।

### ३.१ नगर र बैंक मौज्दात

नगद र बैंक मौज्दातमा संस्थाले अल्पकालिन प्रतिवद्धता पूरा गर्न प्रयोग गर्ने नगद मौज्दात र बैंक तथा वित्तीय संस्थाहरुमा रहेको नगद मौज्दात पर्दछ ।
नगद र बैंक मौज्दातलाई वित्तीय स्थितिको विवरणमा किताबी लागतमा पहिचान गरिन्छ ।

### ३.२ कर्जा लगानी, शेयर लगानी नीति र कर्जा नोक्सानी व्यवस्था :

संस्थाले "ऋण नीति" अनुसार सदस्यलाई विभिन्न शिर्षकमा कर्जा सापटी दिने तथा असुली गर्ने गरेको छ ।
संस्थाले लगानीमा रहेका सम्पूर्ण कर्जाहरुलाई सहकारी विभागबाट जारी निर्देशन अनुसार असल, शंकास्पद र खराब कर्जामा बर्गिकरण गरी क्रमशः १%, ३५% र १००% से हुन जाउने रकमलाई कर्जा जोखिम व्यवस्था गर्ने नीति लिएको छ ।

बैंक तथा संघ/संस्थाहरुको शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखांकन गर्ने नीति लिएको छ ।

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग-२१७

## ३.३ सम्पत्ति तथा उपकरण

३.३.१ वस्तुसँग सम्बन्धित भविष्यका आर्थिक नामहरू संस्थामा प्रवाहित हुने सम्भावना छ र बस्तुको लागत विश्वासिलो तरिकाले मापन गर्न सकिन्छ भने सम्पत्ती र उपकरणको लागत मूल्यलाई शुरूमा सम्पत्तिको रुपमा लागतमा पहिचान गरिन्छ।
लागतमा खरिद मुल्य, फिर्ता नहुने कर र सम्पत्तिलाई व्यवस्थापनले तोके अनुसारको स्थान र अवस्थामा ल्याउनको लागि लाग्ने खर्चमा भोल्युम छूट र व्यापार छूट घटाए पछि आउने रकम पर्दछ ।

३.३.२ उपकरणहरुको कार्यक्षमतासँग अभिन्न अंशको रुपमा रहने सफ्टवेयरलाई उपकरणको अंशको रूपमा पूँजीकृत गरिएको छ। खर्च गरेको कारणले यदि भविष्य आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना छ भने पछिका खर्चहरु पनि पूँजीकृत गरिएको छ। सम्पत्तिलाई चलायमान राख्न गरिने मर्मत संभार कार्य खर्चमा गणना गरिन्छ । सम्पत्ति र उपकरणको निसर्ग हुँदा भएको कुनै लाभ वा नोक्सान (निसर्गको खुद प्राप्त रकम र वस्तुको किताबी मूल्यबीचको भिन्नताका रूपमा गणना गरिएको नाफा नोक्सान विवरणमा अन्य आयमा लेखांकन गरिएको छ।

३.३.३ स्थिर सम्पत्तिमा ह्रासकट्टी घट्दो ह्रास प्रणालीको आधारमा आयकर ऐन, २०५८ अनुसार देहाय बमोजिमको दरले गरिएको छ ।

| | |
|---|---|
| भवन | ५% |
| फर्निचर, कार्यालय उपकरण र कम्प्यूटर | २५% |
| सवारी साधन | २०% |
| प्लान्ट एण्ड मेशिनरी | १५% |

३.३.४ खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिन्छ । कम्प्यूटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा परिशोधित गरिन्छ । सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ ।
सफ्टवेयरलाई प्रयोगको लागि उपलब्ध मिति देखि समादर विधिमा, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा यसको अपलेखन गरिन्छ। हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि पाँच बर्ष हो।

३.३.५ सम्पत्ति र उपकरणहरूको निसर्ग भएमा वा भविष्यमा त्यसको प्रयोग वा निसर्गबाट आर्थिक लाभको आशा नभएमा सम्पत्ति र उपकरणहरूलाई पहिचानबाट हटाईएको छ।

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग-२१७

### ३.४ आयकर दायित्व

कर खर्चमा वर्तमान कर र स्थगन कर खर्च समावेश पर्दछ ।
चालू कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन रिर्पोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ र अघिल्लो वर्षहरुमा तिर्नु पर्ने कर पनि समायोजन गरिन्छ ।
आयकर व्यवस्थाको लागि संस्थाको कर अघिको खुद मुनाफामा आयकर ऐन २०५८ र सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम खर्च, आम्दानीमा आवश्यक थपघट गरी आय निर्धारण गर्ने नीति लिएको छ। व्यवस्था गरिएको रकम बढी वा घटी हुन गएमा कर निर्धारण भएको सालमा नाफा/नोक्सान हिसाबमा समायोजन गर्ने गरिन्छ ।
आर्थिक वर्षको अन्त्य मितिमा कर आधार र किताबी मूल्यको अस्थायी भिन्नताहरुमा स्थगन कर पहिचान गरिन्छ । स्थगन आयकर आर्थिक वर्षको अन्त्य मितिमा संस्थामा लागू हुने त्यो दर प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन जाय कर सम्पत्ति प्राप्त हुँदा वा स्थगन जायकर दायित्व समाप्त हुँदा लागू हुने अपेक्षा गरिएको हुन्छ । स्थगन कर सम्पतिहरू तब मात्र मापन गरिन्छ जब भविष्यमा अस्थायी भिन्नताहरूको अन्त्य गर्ने कर योग्य मुनाफा उपलब्ध हुनेछ भनी अपेक्षा गर्न सकिन्छ ।

### ३.५ सदस्यबाट निक्षेप

संस्थाले आफ्रा सदस्यहरुबाट दैनिक, मासिक, आवधिक र अन्य खाताहरु (चल्ती बाहेक) अन्तर्गत निक्षेप स्वीकार गर्दछ जसले खातावालाई पैसा जम्मा गर्न र निकाल्न अनुमति दिन्छ । यी कारोबार संख्याको खाताहरुमा रेकर्ड गरिएको छ र परिणाम स्वरूप बॉकी ब्यालेन्स संस्थाको दायित्वको रूपमा रेकर्ड गरिएको छ जुन रकम संस्थाले सदस्यलाई दिनुपर्ने रकमको प्रतिनिधित्व गर्दछ ।

### ३.६ आम्दानीको लेखाङ्कन

आम्दानी भनेको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो जसले इक्विटीमा वृद्धि हुन्छ । आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना प्रबल भएमा र त्यसको उपयुक्त मापन गर्न सकेमा मात्र आम्दानीको लेखांकन गरिन्छ। आम्दानीको प्राप्तीको सम्भावना नरहेको अवधिमा आम्दानीको लेखाकन गरिएको छैन। आम्दानी अन्तर्गत ब्याज आम्दानी, लाभांश आम्दानी, विप्रेशण आम्दानी आदि पर्दछन्

### ३.६.१ ब्याज आम्दानी

संस्थाबाट लगानी गरिएको कर्जा रकममा ब्याज हिसाव गर्दा ३६५ दिनलाई एक वर्ष मानी ब्याज गणना गरिएको छ । कर्जा सापटीको ब्याज नगद आधार (Cash Basis) मा आम्दानी जनाइएको छ ।

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग- २१०

३.६.२ लाभांश बाम्दानी

लाभांश प्राप्त गर्ने हक स्थापित भइसकेपछि लाभांश आम्दानी जनाइन्छ ।

३.६.३ अन्य आम्दानी

अन्य आम्दानीको हकमा पाकेको तर प्राप्त भइनसकेका आम्दानीलाई प्रोदभावी आधारमा (Accrual Basis) आम्दानी जनाउने नीति लिएको छ ।

३.७ <u>ब्याज खर्च</u>

संस्थाको निक्षेपमा ब्याज खर्च हिसाब गर्दा ३६५ दिनलाई आधार मानिएको छ। संस्थाको खर्चहरुलाई प्रोदभावी आधार (Accrual Basis) मा खर्च जनाइएको छ ।

३.८ <u>कर्मचारी सुविधा</u>

बोनस ऐन २०३० बमोजिम आयकर बापत व्यवस्था गर्नुपूर्व आउने नाफाको १० प्रतिशतको दरले कर्मचारी बोनस खर्च जनाइएको छ ।

२०७४ भाद १९ बाट लागू भएको नँया श्रम ऐन २०७४ अनुसार, हरेक कर्मचारीको आधारभूत तलबको कम्तीमा ८.३३ प्रतिशत रकम (प्रति वर्ष एक महिनाको तलब बराबर) उपदान रकम भुक्तानी गर्नुपर्ने हुन्छ । सहकारीले अहिलेसम्म नयाँ श्रम ऐन अनुसार कर्मचारी विनियमावली परिमार्जन गर्ने निर्णय नगरेको आधारभूत तलबको ८.३३ प्रतिशत रकम उपदान बापत पुग्ने गरी अवकाश कोष मार्फत व्यवस्था गरेको छैन ।

सहकारीले श्रम ऐन २०७४ अनुसार चाडपर्व खर्च र जीवन विमाको व्यवस्था गरेको छ। सहकारीले श्रम ऐन २०७४ अनुसारको कर्मचारीहरुको स्वास्थ्य र दुर्घटना बीमाको व्यवस्था गरेको पाइएन ।

संचयकोषको लागि प्रत्येक महिना संस्थाको तर्फबाट कर्मचारीको संचय कोषमा हुने योगदानलाई खर्च मानेर स्वीकृत अवकाश कोष (कर्मचारी संचयकोष) मा जम्मा गर्ने गरेको छ। कर्मचारी संचयकोषमा योगदान गरिएको समयमा नै संचालन खर्च जनाइएको छ। उक्त रकम खातामा जम्मा गरेपछि संस्थाको अरु रकम भूक्तानी गर्नुपर्ने दायित्व रहन्न।

३.९ <u>शेयर पूँजी र कोषहरु</u>

शेयर पूँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ। शेयर सदस्यहरुलाई वार्षिक साधारण सभामा मत राख्न सक्ने र पारित लाभांश पाउने अधिकार हुन्छ। संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन । सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खुद मुनाफा रकमको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्वद्धन कोषमा ०.५% रकम रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र सस्थाको विनियम बमोजिम अन्य शिर्षकमा संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड पछीको नाफा बाँडफाँड गरिन्छ।

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग- २९७

# तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## मित्रपार्क काठमाडौँ

### ४. नगद तथा बैंक मौज्दात

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| नगद मौज्दात | १,३६२,१६८.०० | ५०९,७७१.८९ |
| सिटिजन बैंक लिमिटेड | ८,१७६.९६ | १००,२४०.८१ |
| प्राईम कमर्सियल बैंक लिमिटेड | ३,६७९.६४ | २,०७८,६४२.१९ |
| मुक्तिनाथ विकास बैंक लिमिटेड | ५,७३५.४१ | ५,७३५.४१ |
| कुमारी बैंक लिमिटेड | ३६५,३३९.२१ | १,७६८,६५९.७० |
| काठमाण्डौ जिल्ला बचत तथा ऋण सहकारी संघ (बचत) | १,०४५,९५८.०० | २३४,३००.७७ |
| अवितारा साकोस (बचत) | १,००४,०९५.३८ | १,१९२,६४५.६२ |
| काठमाण्डौ जिल्ला बचत तथा ऋण केन्द्रीय सहकारी संघ (बचत) | १,५८२,६८९.०२ | ४५१,३७५.६२ |
| अभितारा बचत तथा ऋण सहकारी संस्था लि. (बचत) | १,०१६,९९९.४७ | १,०१६,९९९.४७ |
| परिक्रमा बचत तथा ऋण सहकारी संस्था लि. (बचत) | ३८३,९८५.११ | ३,२९६,१७९.९० |
| आई.एम.ई सहकारी सर्भिस लि. | २४८,६५३.५५ | २४८,६५३.५५ |
| सक्रिय सहकारी संजाल | १७,७४४.०० | ११७,७४४.०० |
| वालेट हिसाब | ११,३४३.२६ | १४२,३६५.०२ |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | ६४,५४९.०६ | १,५४९,११९.१६ |
| जम्मा | ७,१२१,११६.०७, | १२,७१२,४३३.९१ |

भल्टमा राखिएको नगदको भौतिक तथा वित्तीय जोखिम न्यूनीकरणको लागि बीमा गरिएको छैन । तरलता र व्यावसायिक आवश्यकताका आधारमा भल्टमा रकमको व्यवस्थापन गरिएको छ । बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातमा स्थानीय बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातलाई समावेश गरिएको छ ।

### ५. लगानी हिसाब

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| मुद्दती लगानी | ४,७११,४३४.५४ | – |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (आवधिक बचत) | ४,५००,०००.०० | – |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड (बचत) | १२,०००.०० | – |
| काठमाण्डौ जिल्ला बचत तथा ऋण सहकारी संघ (बचत) | २८,१०५.०६ | – |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (बचत) | ५१,५५०.३७ | – |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (लाभांश) | ९५,५८६.४३ | – |
| काठमाण्डौ जिल्ला बचत तथा ऋण सहकारी संघ (लाभांश) | २४,१९२.६८ | – |
| शेयर लगानी | ३,६६०,०००.०० | ५२५,०००.०० |
| काठमाण्डौ जिल्ला बचत तथा ऋण सहकारी संघ (शेयर) | ३१०,०००.०० | ३००,०००.०० |
| जिल्ला सहकारी संघ (शेयर) | १०,०००.०० | १०,०००.०० |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड (शेयर) | १०,०००.०० | १०,०००.०० |
| परिक्रमा बचत तथा ऋण सहकारी संघ लि. | १५,०००.०० | ५,०००.०० |
| अन्य लगानी | ३,०००,०००.०० | – |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (शेयर) | ३,१५,०००.०० | २००,०००.०० |
| जम्मा | ८,३७१,४३४.५४ | ५,२५,०००.०० |

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग-२१७

### ६. सदस्यलाई दिएको ऋण सापटी

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| व्यवसायिक ऋण | ११,२४३,११९.२८ | १४,९८१,०४९.८५ |
| हायर पर्चेज ऋण | २,५०२,१०९.३१ | २,६०१,८२७.४९ |
| सामुहिक जमानी ऋण | २१,१०६,९०५.८२ | २८,१९०,६३४.०९ |
| शेयर धितो ऋण | ४००,०००.०० | ४००,०००.०० |
| खरखाँचो ऋण | १,११९,१२७.४४ | २,०८०,०००.०० |
| सहुलियत ऋण | ८३६,०७६.०२ | १,१८५,०३५.०० |
| आवधिक बचत ऋण | २,५६६,७२६.२४ | १,८२६,०१७.३० |
| अन्य ऋण | ३०,३५४,१७६.०२ | १,८२६,०१७.३० |
| जम्मा | ७०,१२८,२४०.१३ | ७९,९३०,३७६.७३ |

उपरोक्त तालिका अनुसार गत आ.व. २०७९/८० को असार मसान्तमा अघिल्लो आ.व. २०७८/७९ को तुलनामा ऋण लगानी रकम १२.२६% अर्थात रु. ९,८०२,१३६.६० ले कमी भएको छ ।

## तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**मित्रपार्क काठमाडौं**

**स्थिर सम्पत्ति विवरण**

**२०८० असार मसान्त सम्म**

### ७. स्थिर सम्पत्ति विवरण

| विवरण | ह्रास दर | शुरु मूल्य | यस वर्षको थप | | | बिक्री | जम्मा मूल्य | ह्रास खर्च | बांकी मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पौष मसान्त सम्म | चैत्र मसान्त सम्म | असार मसान्त सम्म | | | | |
| समुह क | | | | | | | | | |
| जग्गा | ०% | - | - | - | - | - | - | - | - |
| कार्यालय निर्माण | २०% | - | - | - | - | - | - | - | - |
| जम्मा | | | | | | | | | |
| समुह ख | २५% | | | | | | | | |
| कार्यालय सामान तथा उपकरण | | २४२,१०७.०४ | | | | | २४२,१०७.०४ | ६०,५२६.७६ | १८१,५८०.२८ |
| कम्पुटर तथा प्रिन्टर | | १७७,९७६.८८ | ४८,०००.०० | - | - | - | २२५,९७६.८८ | ५६,४९४.२२ | १६९,४८२.६६ |
| फर्निचर एण्ड फिक्चर्स | | ५९०,३०९.२२ | | | | | ५९०,३०९.२२ | १४७,५७७.३१ | ४४२,७३१.९२ |
| अन्य सामान तथा उपकरण | | ४६९,४७१.३३ | | | | | ४६९,४७१.३३ | ११७,३६७.८३ | ३५२,१०३.५० |
| जम्मा | | १,४७९,८६४.४७ | ४८,०००.०० | - | - | - | १,५२७,८६४.४७ | ३८१,९६६.१२ | १,१४५,८९८.३५ |
| समुह ग | २०% | | | | | | | | |
| सवारी साधान | | - | - | - | - | - | - | - | - |
| जम्मा | | - | - | - | - | - | - | - | - |
| समुह घ | १५% | | | | | | | | |
| प्लान्ट एण्ड मेशिनरी | | - | - | - | - | - | - | - | - |
| जम्मा | | - | - | - | - | - | - | - | - |
| समुह ङ | २०% | | | | | | | | |
| सफ्टवेयर सम्पत्ति | | २४९,८००.०० | - | - | - | - | २४९,८००.०० | ४९,९६०.०० | १९९,८४०.०० |
| जम्मा | | २४९,८००.०० | - | - | - | - | २४९,८००.०० | ४९,९६०.०० | १९९,८४०.०० |
| कुल जम्मा | | १,७४२,१६४.४७ | ४८,०००.०० | - | - | - | १,७७७,६६४.४७ | ४३१,९२६.१२ | १,३४५,७३८.३५ |

श्री रामनारायण खड्का
लेखापरीक्षक

# तीर्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## मित्रपार्क काठमाडौँ

८. अन्य सम्पत्तिहरु

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| कर्जामा पाउनुपर्ने बाँकी ब्याज | ५,३२३,४७४.३८ | - |
| न्यून : ब्याज मुल्तवी हिसाब | (५,३२३,४७४.३८) | - |
| ई सेवा वालेट | १२८,७५७.०० | २४४,००२.०० |
| मनि ट्रान्सफर धरौटी | ५०३,२५०.०० | ५०३,२५०.०० |
| पाउनुपर्ने हिसाब (रेमिटेन्स) | १७०,३७८.०६ | ३९८,३७५.०० |
| अग्रिम आयकर | २४,८२२.७३ | - |
| श्रोतमा अग्रिम कर कट्टी | ५२,३०७.०९ | २२,३४३.१७ |
| अग्रिम घर भाडा | ३०,०००.०० | ४४,९२०.०० |
| मसलन्द मौज्दात | २२५,६९०.०० | २२५,६९०.०० |
| अन्य पेश्की | ४४३,२७५.०० | १४७,५२८.८६ |
| कर्मचारी पेश्की | ५,५००.०० | - |
| पाउनुपर्ने आई.एम.ई. पे वालेट हिसाब | २७,६०९.०० | - |
| पाउनुपर्ने कमिसन | ५,१४०.०६ | - |
| पाउनुपर्ने हिसाब (रिचार्ज र पेश्की) | ५६०,२३४.८८ | - |
| पाउनुपर्ने बाँकी ब्याज (आवधिक बचत) | - | ४,१९७,२५०.४८ |
| जम्मा | २,१७६,९६३.८२ | ५,७८३,३५९.५१ |

९. तिर्न बाँकी बाह्य ऋण

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | १८,७२३,७३३.६७ | ११,७६४,९५९.०० |
| काठमाण्डौ जिल्ला बचत तथा ऋण सहकारी संघ | २,१३५,०००.०० | २,१५२,७७७.८० |
| जम्मा | २०,८५८,७३३.६७ | १३,९१७,७३६.८० |

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग-२१७

## १०. सदस्यहरुबाट संकलन गरेको निक्षेप

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| | ३५,१२०,०७३.६१ | ३४,९९६,३३९.८८ |
| बाल बचत | ३,२५६,४३८.२६ | २,१५७,७७३.८६ |
| साधारण बचत | ३,५६७,७६७.२८ | ३,४०१,०६९.९१ |
| नारी बचत | ४,३८८,२२४.४५ | ४,४६२,४४६.६५ |
| लखपति बचत | ६,२५२,४३२.९९ | ३,५६८,२०७.८८ |
| तीर्थ विशेष बचत | ५,८०३,३०६.९६ | ८,५७८,३०१.२२ |
| व्यावसायिक बचत | ७५५,९२४.२७ | ३,६९३,५९१.१० |
| तीर्थ उत्कृष्ट बचत | ३,०२६,०१५.०४ | ६,२०४,७३०.२९ |
| कर्मचारी बचत | १६८,८९८.६३ | २०५,४१४.५२ |
| दिगो भविष्य बचत | ३,०४३,६५५.२४ | १,५७५,७२३.९५ |
| अन्य बचत | ५३६,८२७.८७ | ७८९,०८०.५० |
| नियति बचत | ४,३२०,५८२.६२ | - |
| आवधिक बचत | २५,९०२,२१३.४९ | ३२,१०३,००७.९७ |
| आवधिक बचत | ४,४१९,९००.०० | २५,४७३,४७७.०० |
| क्रमिक आवधिक बचत | ४,१३८,६८५.०१ | ५,४२९,७७७.४९ |
| ३६५ दिन स्किम बचत | २,८६७,५०३.४८ | १,१९९,७५३.४८ |
| १ वर्ष | ११,०२१,८७५.०० | - |
| २ वर्ष | २,१३४,२५०.०० | - |
| ५ वर्ष | १,१००,०००.०० | - |
| ७ वर्ष | २२०,०००.०० | - |
| जम्मा | ६१,०२२,२८७.१० | ६७,०९९,३४७.८५ |

उपरोक्त तालिका अनुसार गत आ.व. २०७९/८० को असार मसान्तमा अघिल्लो आ.व. २०७८/७९ को तुलनामा निक्षेप रकम ९% अर्थात रु. ६,०७७,०६०.७५ ले कमि भएको छ ।

## ११. आयकर दायित्व

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| आयकर व्यवस्था अघिको मुनाफा | (९४४१,८४९.१०) | ९४१,९८८.४२ |
| क. आयमा समावेश गर्नु नपर्ने रकमहरु | | |
| लाभांश आम्दानी | (६०,०३२.९०) | - |
| ख. आयमा समावेश गर्नुपर्ने अन्य रकमहरु | | |
| कर्मचारी बोनस कोषबाट अन्य कोषमा रकमान्तर | - | - |
| ग. आयको गणना गर्दा कट्टी नहुने खर्चहरु | - | - |
| कर खर्च | - | - |
| मर्मत सम्भार खर्च (सवारी साधान) | - | - |
| यस आर्थिक वर्षमा व्यवस्था गरेको उपदान खर्च | - | - |
| घ. कर्मचारी बोनस खर्च | - | - |
| कर योग्य आम्दानी | (९,५०१,८२२.००) | ९४१,९८८.४२ |
| आयकर व्यवस्था (१०%) | - | ९४,१९८.८४ |

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग-२१७

१२. ऋण नोक्सानी व्यवस्था

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| जम्मा ऋण नोक्सानी कोष व्यवस्था | १,०५०,०००.०० | ७९९,५०४.०० |
| गत वर्षको ऋण नोक्सानी कोष व्यवस्था | ७९९,५०४.०० | ६८३,३७४.०४ |
| यस वर्षको थप भएको ऋण नोक्सानी कोष व्यवस्था | २५०,४९६.०० | ११६,१२९.९६ |

आर्थिक वर्ष २०७९/०८० मा ऋण नोक्सानी कोष व्यवस्था रु. २५०,४९६.०० रकमान्तर गरिएको छ ।

१३. अन्य दायित्वहरु

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| भुक्तानी दिनुपर्ने लेखापरीक्षण शुल्क | २२९,६६३.७२ | १००,०००.०० |
| श्रोतमा कर कट्टी (लेखापरीक्षण शुल्क कर) | ८,३३६.२८ | - |
| श्रोतमा कर कट्टी (सामाजिक सुरक्षा कर) | ४५,०७९.४५ | २,७३८.३५ |
| श्रोतमा कर कट्टी (ब्याज कर) | ३३६,२४७.१५ | ३६१,४४२.१६ |
| श्रोतमा कर कट्टी (घर बहाल कर) | - | - |
| श्रोतमा कर कट्टी (भत्तामा कर) | २६,८७२.५० | - |
| श्रोतमा कर कट्टी (लाभांश कर) | ५९,५९१.८५ | - |
| श्रोतमा कर कट्टी (कमिसन कर) | ८,४५०.८५ | ६,७०९.४१ |
| भुक्तानी दिनुपर्ने ब्याज रकम | २,८४१,३७४.३१ | १,१५७,०३९.५० |
| भुक्तानी दिनुपर्ने तलब रकम | ५७,४९३.७२ | - |
| भुक्तानी दिनुपर्ने संचयकोष रकम | २२३,४१२.५० | - |
| भुक्तानी दिनुपर्ने लाभांश रकम | ३८,६६९.०० | - |
| भुक्तानी दिनुपर्ने रेमिटेन्स | ७०,५५६.१५ | ६९,८८७.०० |
| आई बि एफ दायित्व | ८५०,६६९.०० | ४६६,३९०.०० |
| ब्याज मुल्तवी | - | ३,२७५,४३२.७३ |
| अन्य भुक्तानी दिनपर्ने | ६१,६१६.२५ | १११,९५४.३८ |
| जम्मा | ४,८५८,०३२.७३ | ५,६०१,५४३.९१ |

१४. शेयर पूंजी

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| शेयर पूँजी<br>(प्रति शेयर रु. १००) | ११,१८०,२००.०० | ११,५३२,२००.०० |
| जम्मा | ११,१८०,२००.०० | ११,५३२,२००.०० |

उपरोक्त तालिका अनुसार गत आ.व. २०७९/८० को असार मसान्तमा अघिल्लो आ.व. २०७८/७९ को तुलनामा शेयर रकम ३.०५% अर्थात रु. ३५२,०००.०० ले कमि भएको छ ।

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग-२१७

## १५. जगेडा कोष तथा अन्य कोषहरु

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| जगेडा कोष | १,६४०,८८०.६ | ४१२,१५६.८२ |
| सचित घाटा | (११,४७४,५६३.७३) | - |
| संरक्षित पूँजी फिर्ता कोष | - | ३०८,५९०.२३ |
| सहकारी प्रवर्द्धन कोष | ७,९२२.७८ | ७,९२२.७८ |
| शेयर लाभांश कोष | - | ७३५,१९२.४७ |
| सहकारी शिक्षा तथा तालिम कोष | - | ४६,२७९.१६ |
| संस्था विकास कोष | - | ४६,२७९.१६ |
| घाटा पूर्ति कोष | - | ४६,२७९.१६ |
| संस्था स्थिरिकरण कोष | - | ४६,१०३.३६ |
| अन्य जोखिम व्यवस्थापन कोष | - | - |
| सामुदायिक विकास कोष | - | - |
| एकीकृत छात्रबित्री कोष | - | - |
| एकीकृत राहत कोष | - | - |
| जग्गा खरिद कोष | - | - |
| जम्मा | (९,८२५,७६०.५९) | १,६४८,८०३.१४ |

उसहकारी संस्था घाटामा भएको हुनाले सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खुद मुनाफालाई बाँडफाँड गरेको छैन ।

सहकारी ऐन , २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी प्रवर्द्धन कोषमा ०.५% रकम रकमान्तर गरेको छ ।

सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको विनियम बमोजिम अन्य शिर्षकमा संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड निम्नानुसार छ :

### अन्य कोषको बाँडफाँड

| विवरण | गत वर्ष |
|---|---|
| शेयर लाभांश कोष | ७०% |
| सहकारी विकास कोष | ५% |
| सामुदायिक विकास कोष | ५% |
| सहकारी शिक्षा कोष | ५% |
| घाटापूर्ति कोष | ५% |
| स्थिरीकरण कोष | ५% |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% |

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग-२१७

१६. ब्याज आम्दानी

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| ऋण लगानीबाट ब्याज आम्दानी | ६,८१०,३५०.१४ | १२,३२८,६३८.८९ |
| बैंक निक्षेपबाट प्राप्त ब्याज आम्दानी | ३२०,५०३.६७ | १,१५१,१०६.५० |
| जम्मा | ७,१३०,८५३.८१ | १३,४७९,७४५.३९ |

१७. बचतमा ब्याज खर्च

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| बचतमा ब्याज खर्च | ७,३३२,१५७.२७ | ७,३९८,८९३.३३ |
| बाह्य ऋणमा ब्याज खर्च | २,३९१,८००.२० | २,००९,२४७.१८ |
| जम्मा | ९,७२३,९५७.४७ | ९,४०८,१४०.५१ |

१८. अन्य आम्दानी

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| विलम्ब शुल्क | ७०,५७७.०० | ६४९,८०२.६१ |
| नवीकरण आम्दानी | १३१,४४०.०० | १३४,१२६.०८ |
| रेमिट आम्दानी | १७,५५३.८५ | १४,६०४.५० |
| कमिसन आम्दानी | ६२९९७.३४ | ६९,५६.५२ |
| खाता बन्द शुल्क | २३,६००.०० | ९,४००.०० |
| ऋण व्यवस्थापन शुल्क | ४२६,९६५.७४ | ७१८,३६५.८८ |
| धितो मूल्यांकन शुल्क | ९,०००.०० | ३४,५००.०० |
| ऋण फारम शुल्क | २८,०००.०० | ५२,५००.०० |
| लाभांश आम्दानी | ६०,०३२.९० | ४६,३६०.९६ |
| मोबाईल बैंकिङ सेवा शुल्क | १२६,४००.०० | - |
| विविध आम्दानी | ३१८२३८.१५ | १७७,६२१.८९ |
| जम्मा | १,२७४,८०४.९८ | १,९०६,८४८.४४ |

१९. कर्मचारी खर्च

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| कर्मचारी तलब खर्च | ४,१०७,२९४.१० | ३,४५४,७९२.१५ |
| कर्मचारी संचय कोष | १११,७०६.२५ | - |
| कर्मचारी दशैं खर्च | २११,३२५.०० | - |
| कर्मचारी प्रोत्सान खर्च | २८,८२०.०० | - |
| कर्मचारी पोशाक खर्च | ४८,८००.०० | - |
| जम्मा | ४,५०७,९४५.३५ | ३,४५४,७९२.१५ |

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग-२१७

२०. प्रशासनिक खर्च

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| कार्यालय व्यवस्थापन खर्च | १,५५५,८३०.९५ | १,०१०,४२६.५२ |
| घरबहाल खर्च | ३३०,०००.०० | ३१७,५००.०० |
| ईन्धन तथा यातायात खर्च | १९,२६०.०० | ३१,७५०.०० |
| कार्यालय सामग्री खर्च | ३,२००.०० | ६००.०० |
| बैठक भत्ता खर्च | १७९,१५०.०० | १२४,०००.०० |
| विद्युत तथा खानेपानी खर्च | ६१,३००.०० | ५५,३१०.०० |
| सूचना तथा समवेदना खर्च | ३०,१२३.०० | ३२,६६५.०० |
| मसलन्द तथा छपाई खर्च | २२०,३२५.०० | १४५,७२५.०० |
| अतिथि सत्कार खर्च | ११,९८०.०० | ५९,५२१.०० |
| विज्ञापन खर्च | ८,३९०.०० | १५,२५०.०० |
| सदस्यता /नवीकरण शुल्क | १०,३००.०० | ७,५००.०० |
| कार्यालय सजावट खर्च | १२,५००.०० | - |
| बाह्य लेखापरीक्षण शुल्क | ५०,०००.०० | ५०,०००.०० |
| आन्तरिक लेखापरीक्षण शुल्क | ६३,०००.०० | ५०,०००.०० |
| सफ्टवेयर तथा वेबसाइट नवीकरण खर्च | १०४,७४८.०० | ५,०००.०० |
| बैंक सेवा शुल्क | १,४३५.०० | १,३००.०० |
| धितो मूल्यांकन खर्च | १७,५००.०० | - |
| विविध खर्च | - | ५,८५०.०० |
| सरसफाई खर्च | ५,९२५.०० | ७,५३५.०० |
| बीमा खर्च | - | १४,८५४.०० |
| ऋण व्यस्थापन खर्च | १४४,६५५.०० | १२,५००.०० |
| ब्याज छुट खर्च | ९६,०६३.०५ | - |
| कमिसन खर्च | ५६,३३९.०३ | ६९,५६६.५२ |
| मोबाईल बैंक खर्च | १२९,६३७.८७ | - |
| पत्रपत्रिका खर्च | - | ४०००.०० |
| कार्यालय व्यवस्थापन खर्च | १,३२०,२४२.०० | ३१,४७०.०० |
| साधारण सभा खर्च | ५३,०१०.०० | १९,९७०.०० |
| लाभांश खर्च | १,१९१,८३७.०० | - |
| वार्षिक कार्यक्रम खर्च | १८,४९०.०० | - |
| सामाजिक खर्च | १४,९०५.०० | - |
| अन्य कार्यक्रम खर्च | - | ७,५००.०० |
| तालिम खर्च | ७०००.०० | ४,०००.०० |
| नेफस्कुन कर्वस कार्यक्रम खर्च | ३५,०००.०० | - |
| बैठक संचालन खर्च | - | - |
| मर्मत सम्भार खर्च | ५७,११०.०० | ४७,८१५.०० |
| मर्मत सम्भार खर्च (कार्यालय समान तथा कम्पुटर) | २१,११०.०० | ४७,८१५.०० |
| मर्मत सम्भार खर्च (सवारी साधन) | - | - |
| मर्मत सम्भार खर्च (मेशिनरी) | - | - |
| मर्मत सम्भार खर्च (अन्य) | ३६,०००.०० | - |
| जम्मा | २,९३३,१८२.९५ | १,०८९,७११.५२ |

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग- २१७

## २१. गैर संचालन आम्दानी

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| अपलेखन गरिएको कर्जा असुली | - | - |
| अन्य आम्दानी | - | - |
| जम्मा | - | - |

संचालन आयसंग प्रत्यक्ष सम्बन्ध नभएका आयहरु शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।

## २२. गैर संचालन खर्च

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| अपलेखन गरिएको कर्जा असुली | - | - |
| अन्य आम्दानी | - | - |
| जम्मा | - | - |

संचालन आयसंग प्रत्यक्ष सम्बन्ध नभएका आयहरु शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।

## अन्य थप खुलासा :

### २३. सम्बन्धित व्यक्तिसंगको कारोवार :

प्रत्येक सम्भावित सम्वन्धित पक्षको सम्बन्ध ध्यानमा राख्दा, कानुनी आधार भन्दा सम्बन्धको महत्त्व र प्रभावलाई प्राथमिकता दिइन्छ । यस लेखापरीक्षणको अवधिमा देहाय व्यक्तिहरु यस संस्थासंग सम्बन्धित रहेका छन् । संस्थाका संचालक तथा प्रबन्धकलाई सम्बद्ध व्यक्तिको रुपमा लिइएको छ। आर्थिक वर्ष २०७९/२०८० मा सम्बद्ध व्यक्तिहरुको विवरण निम्न बमोजिम रहेको छ ।

| क्र.स. | नाम | पद |
|---|---|---|
| १. | अनन्त श्रेष्ठ | संचालक समिति अध्यक्ष |
| २. | दल बहादुर श्रेष्ठ | संचालक समिति उपाध्यक्ष |
| ३. | सिम्रन थपलिया | संचालक समिति सचिव |
| ४. | प्रविण के.सी. | संचालक समिति कोषाध्यक्ष |
| ५. | अन्होतिलाल पण्डित | संचालक समिति सदस्य |
| ६. | हरि बहादुर श्रेष्ठ | संचालक समिति सदस्य |
| ७. | उज्वल चालिसे | संचालक समिति सदस्य |
| ८. | युनान कार्की | व्यवस्थापक |

सम्बद्ध व्यक्तिहरुलाई गरिएको आर्थिक भुक्तानीको विवरण निम्न बमोजिम रहेको छ ।

| खर्च शिर्षक | रकम रु. |
|---|---|
| बैठक भत्ता | १७९,१५०.०० |

मुख्य व्यवस्थापकीय जिम्मेवारी पाएको कर्मचारीले यस आर्थिक वर्षमा प्राप्त गरेको तलब भत्ता तथा सुविधाको रकम देहाय बमोजिम रहेको छ ।

| पद | नाम | रकम रु. |
|---|---|---|
| व्यवस्थापक | युनान कार्की | ४३३,६७५.०० |

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग- २१७

## २४. भुक्तानी हुन बाँकी लाभांश

यस आर्थिक वर्षको अन्त्य सम्ममा गत वर्षहरुको भुक्तानी हुन बाँकी लाभांश रकम रहेको छैन ।

## २५. भुक्तानी हुन बाँकी लाभांश

यस आर्थिक वर्षमा कुनै पनि कर्जा अपलेखन गरिएको छैन ।

## २६. गैर बैंकिङ सम्पत्ति

२०८० असार मसान्तसम्म संस्थाले ऋण असूलीको शिलशिलामा धितो लिलामी विक्री नभई आफैले सकार गर्नुपर्ने अवस्था नआएकोले संस्थाको नाममा गैर बैंकिङ सम्पत्ति रहेको छैन ।

## २७. औसत ब्याज दर

संस्थाको लिने र दिने ब्याज दर बीच औसत फरक (Spread) ८.००% रहेको छ ।

## २८. वित्तीय विवरणको अन्त्य मिति पछिको घटनाहरु

वित्तीय विवरणको अन्त्य मिति पछिको घटनाहरु हुन जुन उचित तथा अनुचित हुन् सक्छन् जुन वित्तीय विवरणको अन्त्य मिति र वित्तीय विवरण जारी गर्नलाई आधिकारिक गरेको मिति बीच घटेको हुन्छ । वित्तीय विवरणको अन्त्य मिति पछि यस्तो कुनै पनि घटना घटेको छैन जसको समायोजन वा खुलासा वित्तीय विवरणमा आवश्यक छ ।

श्री रामनारायण खड्का
लेखापरीक्षक
प्र.प.नं.ग- २१७

## सहकारीका सिद्धान्तहरू (Principles of Co-operative)

विश्वको बदलिदो आर्थिक तथा सामाजिक परिवेशअनुरूप सन् १९९५ सेप्टेम्बरमा सम्पन्न भएको अन्तर्राष्ट्रिय सहकारी महासंघको शतवार्षिकी समारोहले निम्नलिखित सहकारी सिद्धान्तहरूलाई सहकारी आन्दोलनको उद्देश्य प्राप्ति गर्न मार्गदर्शनको रूपमा जारी गर्यो, जुन सिद्धान्तहरू आज सबै देशहरूले अबलम्बन गर्दै आएका छन् ।

### १) स्वेच्छिक तथा खुल्ला सदस्यता (Voluntary and Open Membership)

सहकारी स्वेच्छिक संगठन भएकाले यसमा व्यक्तिहर स्वेच्छाले सदस्य बन्दछन् । कुनै पनि व्यक्तिलाई कुनै पनि किसिमको करकाप वा दवावबाट सदस्य बनाइँदैन । विभिन्न जातजाति, धर्म, लिङ्ग, वर्ण, पेशा आदिको आधारमा भेदभाव गरी कसैलाई पनि सदस्यता लिनबाट रोक्न र सदस्य भैसकेकालाई सदस्यता त्याग्न बन्देज लगाइँदैन । यसरी स्वेच्छिक तथा खुला सदस्यता सहकारीको पहिलो सर्वमान्य सिद्धान्त हो।

### २) प्रजातान्त्रिक नियन्त्रण (Democratic Control)

सहकारीमा सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण रहनु सहकारीको अर्को मूलभूत सिद्धान्त हो । यसमा सदस्यहरू नै नीति निर्धारण र निर्णय गर्न सक्रियरूपमा सहभागि हुन्छन् । निर्वाचित महिला वा पुरूष प्रतिनिधिहरू संगठनप्रति जवाफदेही हुन्छन् । प्रारम्भिक सहकारी संस्थाका सदस्यहरूमा एक सदस्य एक मतको आधारमा समान मताधिकार निहित हुन्छ । साथै अन्य तहका सहकारीहरू पनि प्रजातान्त्रिक आधारमै गठन गरिन्छन् ।

### ३) आर्थिक सहभागिता (Economic Participation)

सहकारीमा सदस्यहरूद्वारा आर्थिक सहभागिता हुनु यसको तेस्रो प्रमुख सिद्धान्त हो । सहकारीको पूँजी उपर यसका सदस्यहरूको न्यायिक अथवा समान सहभागिता र प्रजातान्त्रिक नियन्त्रण हुनछ । किनभने कम्तिमा उक्त पूँजीको केही भाग विशेषरूपमा सदस्यहरूको साझा सम्पति हुन्छ । सदस्यहरूले सहकारीबाट केही बचत भए साधारणतया सीमित रूपमा सदस्यता वापत लाभांश प्राप्त गर्दछन् । सदस्यहरूले बचतलाई विशेष गरी सहकारी विकासका लागि सञ्चित कोष स्थापना गरेर यसको निश्चित अंशको आधारमा सदस्यहरूलाई लाभ पुयाउन र सदस्यहरूले निर्धारण गरेका अन्य कार्यहरूलाई सहयोग गर्न विनियोजन गरेका हुन्छन् ।

## ४) स्वायत्तता र स्वतन्त्रता (Autonomy and Freedom)

स्वायत्तता र स्वतन्त्रता सहकारीको चौथो सिद्धान्त हो । वास्तवमा सहकारी १ एक स्वायत्त, स्वावलम्बी र सदस्यहरुद्वारा नियन्त्रित संगठन हो। सहकारी संस्थाका सदस्यहरूबाट निर्वाचति प्रतिनिधिहरूले संस्थाको विभन्नि कारोबार, सम्झौता, पूँजी संकलन र परिचालन गर्न तथा अन्य नीति निर्माण एवम् निर्णय गर्न पूर्ण स्वाइत्त र स्वतन्त्र हुन्छन् । तर यसता क्रियाकलापले संस्थाको स्वायत्तता र स्वतन्त्रतामा कुनै आँच पुयाउन हुँदैन ।

## ५) शिक्षा, तालीम र सूचना (Education, Training and Information)

सहकारीले आफ्रा सदस्यहरु, निर्वाचित प्रतिनिधिहरू र अन्य कर्मचारीहरूलाई समेत सहकारी शिक्षा र तालिम दिनु पनि सहकारीको मूलभूत सिद्धान्त मानिन्छ । सहकारी शिक्षा र तालिमबाट यिनीहरुमा सीप, ज्ञान र नेतृत्वको विकास भई सहकारी सञ्चालन गर्न सक्ने क्षमताको समेत विकास हुने हुन्छ। यस्ता दक्ष जनशक्तिबाट समाजका आम जनतामा सहकारी सम्बन्धी शिक्षा, ज्ञान, सीप र सूचनाको प्रचार-प्रसार भई सहकारीको विकासमा ठोस योगदान पुग्न जान्छ ।

## ६) सहकारीहरू बीच पारस्परिक सहयोग (Mutual Aid between Co-operatives)

सहकारी संस्थाहरूबीच पारस्परिक सहयोग हुनु पनि सहकारीको अर्को सिद्धान्त हो । सहकारी संस्थाहरू बीच समस्या समाधानका लागि एक आपसमा वित्तीय सहयोग, विचार विमर्श र परामर्श आदान-प्रदान हुने गर्दछ । सहकारी आन्दोलनको सुदृढीकरणका लागि सहकारीताको माध्यमबाट स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा सबै सहकारी संस्थाहरू परस्परमा मिलेर सामूहिक हितको लागि काम गर्ने गर्दछन् ।

## ७) समुदायप्रति चाँसो (Interest in Community)

समुदायप्रति रूची राख्नु पनि सहकारीका सिद्धान्त हो । सदस्यहरुद्वारा निर्धारण गरिएका नीतिहरुको आधारमा सहकारीले समुदायको दिगो विकासका लागि विभिन्न आर्थिक तथा सामाजिक कार्यक्रम र व्यवसायहरू सञ्चालन गर्ने गर्दछ । सदस्यहरुको सेवा नै सहकारी मूल उद्देश्य भएकोले सहकारीले समुदायप्रति रूची राखी आफ्रा कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछ ।

माथि उल्लेखित सहकारीका सिद्धान्तहरुलाई विश्वका धेरैजसो राष्ट्रहरुले अंगालेका छन् । यही सिद्धान्तहरूको अवलम्बनको विश्वभर छरिएर रहेका सहकारीहरुमा एकरूपता ल्याएको छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेको सहकारीका सिद्धान्तहरूले नै अन्तर्राष्ट्रियस्तरमा सहकारी आन्दोलनलाई प्रभावकारीरूपमा अगाडि बढाउन ठोस मद्दत पुगेको छ।

संस्थाका क्रियाकलाप एवम् व्यवहारलाई मर्यादित र अनुशासनमा राख्न विश्व ऋण परिषद्ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवको आधारमा विभिन्न सिद्धान्तको विकास गर्ने गरेको छ । सहकारी अभियान भित्र वित्तीय संप्रदायको नेतृत्व लिदै सन्सारका उत्तम अभ्यासको आधारमा वित्तीय सहकारीमा शासन, अनुशासन र विधिशास्त्रको विकासका लागि विभिन्न सिद्धान्तहरू जारि भएका छन ।

## सहकारीका मूल्य र मान्यता (Values & Principles of Co-operative)

सहकारीका मूल्यहरूलाई ६ वटा आधार मूल्यहरु र ४ वटा नैतिक मूल्यहरु गरी
दुई भागमा विभाजन गरिएको छ।

### १ आधार मूल्य (Base Values) :

क) स्व सहयोग (Self Help) : सहकारीको स्थापना र सञ्चालनमा कसैको सहयोगको अपेक्षा गरिदैन । एकका लागि सबै र सबैका लागि एक भन्ने आदर्श वाक्यलाई व्यवहारमा उतार्न समुदायका व्यक्तिहरू संगठित भएर आफ्ना आवश्यकता र आकांक्षाहरूको परिपूर्ति गर्ने पवित्र उद्देश्यले सहकारीको स्थापना गरेका हुन्छन् । त्यसैले सहकारीलाई स्वःसहयोगी व्यवसायिक संगठनको रूपमा लिने गरिएको छ ।

ख) स्व उत्तरदायी (Self Responsibility) : संस्थाको सदस्यको हैसियतले प्रत्येक सदस्यहरूले आ-आफ्नो उत्तरदायित्व निर्वाह गर्ने परम्परा सहकारीमा अवलम्बन गरिएको हुन्छ । सहकारीको सदस्य भएपछि संस्थाले निर्माण गरेको नीतिनियम र दिइने जिम्मेवारीबाट बिमुख रहन नपाइने आदर्श व्यवहार गर्नु प्रत्येक सदस्यको कर्तव्य हुन्छ। आवद्ध सबै सदस्यहरू आफ्नो संगठनको क्रियाकलापप्रति स्वयम उत्तरदायि हुने मान्यता सहकारीमा अवलम्बन गरिएको हुन्छ । सञ्चालकहरूको व्यवस्थापकीय क्षमता र सदस्यहरूको सहभागिताको आधारमा मात्र सहकारीको अर्थपूर्ण दिगो विकास सम्भव छ । सहकारीका राम्रा नराम्रा पक्षहरूका बारेमा सदस्यहरू स्वयम जिम्मेवार हुने अवधारणालाई यस मूल्यले स्पष्ट सकेत गर्दछ ।

ग) प्रजातन्त्र (Democracy) : निर्णय प्रक्रियामा प्रजातान्त्रिक पद्धति सहकारीको आत्मा हो । सहकारी र अन्य व्यवसाय बीचको भिन्नतालाई सहकारीको यस मूल्यका आधारमा प्रष्ट पार्न सकिन्छ। सदस्यहरूबाच एक सदस्य एक मतका आधारमा संस्था संचालन गर्ने गरि निश्चित अवधिका लागि संचालहरुको चयन गरिन्छ । त्यस्तै गरि सञ्चालकहरू र व्यवस्थापनको क्रियाकलापहरू माथि सदस्यहरूका तर्फबाट निगरानी राख्न लेखा समिति वा सुपरीवेक्षण समितिका पदाधिकारीहरूको चयनमा समेत सबै सदस्यहरूको मताधिकारको प्रयोग गरिएको हुन्छ। सञ्चालकहरूको कामप्रति चित्त नबुझेमा फिर्ता बोलाउने एवम् महत्वपूर्ण निर्णयहरु गर्ने अधिकार समेतको प्रयोग सदस्यहरूले प्रजातान्त्रिक पद्धतिका आधारमा गर्ने व्यवस्था गरिएको हुन्छ ।

घ) समानता (Equality) : सदस्यहरूका बीचमा विभेदजनक व्यवहार गर्ने काम सहकारीले गर्न सक्दैन र हुँदैन पनि । सहकारीमा आवद्ध प्रत्येक सदस्यलाई आफू प्रति कुनै विभेदको महशुस हुनुहुँदैन । सहकारीको सदस्यतामा समेत विभेदलाई निषेध गरिएको हुन्छ, तर सहकारीको सदस्य संख्या र सदस्यको योग्यता तोक्न भने सहकारीले संस्थागत रूपमा सक्दछ । यसरी तोकिएको संख्या र योग्यताका बारेमा भने कसैप्रति भेदभाव गर्न नै मिल्दैन ।

ङ) समता (Equality) : सहकारीका सदस्यहरू मध्ये सामाजिक वा आर्थिक दृष्टिकोणबाट पछाडि परेका वर्ग वा समुदायका सदस्यहरूलाई समान हैसियतमा ल्याउने प्रयन्न सहकारीको महत्वपूर्ण काम हो । सबैको साझा सहयोगबाट पछाडि परेका सदस्यहरूको जीवनस्तरमा सुधार ल्याउन संस्थागत प्रयन्न गर्नु सहकारीको आधारभूत मूल्य हो । यसका लागि सहकारीले पूँजी र सीपको सुविधाका साथै सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने योजना बनाएका हुन्छन् ।

च) ऐक्यवद्धता (Solidarity) : सहकारीका सदस्यहरू बीच ऐक्यबद्धताको भावना हुनु पर्दछ । कुनै वाद वा वर्ग वा समुदायका आधारमा सहकारी भित्र कुनै भिन्नता अभिव्यक्त गरिनु हुँदैन । सहकारीका क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संगठनमार्फत विश्व भरिका सहकारीका सदस्यहरू जोडिएका हुन्छन् । कुनै पनि आधारमा सहकार्यका विपरित हुने व्यवहारले सहकारिताको प्रतिनिधित्व र भलो गर्दैन । सहकारीका संघ/संस्थाहरूमा स्वस्थ प्रतिस्पर्धा बाहेक दैनिक व्यवहारमा सामूहिकताको भावना र ऐक्यवद्धतामूलक व्यवहार प्रतिविम्वित हुनै पर्दछ ।

## २) सहकारीका नैतिक मूल्यहरू :

क) इमान्दारिता (Honesty) : इमान्दारिता सहकारीको लागि आधारभूत नैतिक मूल्य हो । कुनै पनि सहकारीको सफलतामा इमान्दार नेता र सदस्यहरूको आवश्यकता पर्दछ । इमान्दारिता व्यक्तिको व्यक्तिगत चरित्र र प्रवृत्तिसँग जोडिएको विषय भए पनि यसमा विधि र प्रक्रियाबाट धेरै हदसम्म सही बाटोमा डोयाउन सकिन्छ । इमान्दारिताबाट खास गरी पारदर्शिता कायम गर्न सहज हुन्छ । पारदर्शिताको कारणबाट सहकारीमा विभेदकारी व्यवहारहरूलाई रोक्न सकिन्छ । उदाहरणका लागि उत्पादन गरिएका वस्तुहरु सहज र सरल प्रक्रियाका साथै उचित मूल्य र गुणस्तर उपलब्ध गराउने काममा सहकारीलाई विश्वास गरिएको हुन्छ।

ख) खुलापन (Openness) : सहकारी मार्फत गरिने व्यवसायहरूमा पारदर्शिता कायम राखिएको हुन्छ । सहकारीको स्वामित्व र सहकारीको सेवा वा उत्पादन उपभोग गर्ने एउटै समुदाय हुने भएकाले व्यवसायिक फाइदाको लागि गरिने गलत अभ्यासहरूबाट सहकारीहरू मुक्त रहन्छन् । अर्कोतर्फ समुदाय भित्रका सदस्यताका लागि योग्यता पुगेका व्यक्तिहरूको प्रवेश स्वेच्छाले सदस्यता त्याग गर्न सक्ने प्रावधान सहकारीमा हुनु आवश्यक छ । सहकारीको अहित हुने काम गरेमा कुनै सदस्यहरूलाई कारवाही गर्न सकिने स्पष्ट व्यवस्था गरेर संस्थाभित्र प्रवेश गरेका गलत व्यक्तिहरूको सदस्यता खारेज गर्ने पद्धतिको विकास गरी खुलापनको मूल्यलाई बढी उपयोगी बनाउन सकिन्छ । सहकारीमा व्यवस्थापन र सदस्यहरू बीचको सम्बन्धलाई एक अर्काको परिपूरक बनाउन सहकारी सञ्चालन र
व्यवस्थापनलाई पारदर्शी बनाउनै पर्ने हुन्छ । सहकारीका पदाधिकारीहरूले सदस्यबाट प्रत्यायोजित अधिकारको प्रयोग गर्ने भएकाले उनीहरू सदस्यहरूप्रति पूर्णरूपमा जिम्मेवार र जवाफदेही बन्नुको विकल्प छैन । सुशासनका हरेक विधिहरूको उपयोग गरेर समग्रमा सुशासनको अनुभूति दिलाउन सक्नु नै सहकारीका पदाधिकारीहरूको कर्तव्य हो ।

ग) सामाजिक उत्तरदायित्व (Social Responsibility) : सहकारीको स्थापना र सञ्चालनमा निर्दिष्ट समुदायका व्यक्तिहरू संलग्न रहने भएबाट समाजमा सहकारीका सदस्यहरूको सम्बन्ध प्रगाढ रहेको हुन्छ । सहकारीले आफ्ना सदस्यहरूको हितका लागि पनि सामाजिक विकासका क्षेत्रमा योगदान पुयाएको हुन्छ । यसबाट सहकारीका सदस्य भएका र नभएकाहरू प्रति पनि सहकारीले सामाजिक कार्यहरूको प्रभाव स्वभाविक हुन आउँछ। समाजलाई सभ्य र सुसंस्कृत बनाउने काममा सहकारीले योगदान पुयाउन सकेन वा चाहेन भने यस्तो सहकारी निजी व्यवसाय जस्तो बन्न पुग्दछ ।

घ) अरूको हेरविचार (Caring for Others) : सहकारीका संघ/संस्थाले आफ्ना सदस्यहरूलाई मात्र हैन समुदाय र अन्तर्राष्ट्रियस्तरका साझा समस्यहरूलाई समाधानमा योगदान पुयाउनु पर्दछ । साझा समस्याहरूप्रतिको संवेदनशीलता र सहयोगको व्यवहार प्रदर्शनमा सहकारीका सदस्यहरू र पदाधिकारीहरूको ध्यान जानु आवश्यक हुन्छ । उदाहरणका लागि विपद व्यवस्थापनको क्षेत्रमा सहकारीहरूले योगदान पुयाइ आएका छन् । समाजका जल्दाबल्दा समस्याहरूको निराकरणको क्षेत्रमा समेत सहकारीले योगदान पुयाई आएका छन् । अहिले हाम्रो हकमा मौसम परिवर्तन, एचआइभी एड्स, मानव बेचविखन, खाद्य पदार्थमा अत्याधिक विषदीको प्रयोग, आयात निर्यातबीचको खाडलले सिर्जना गरेको व्यापार घाटा आदि क्षेत्र तत्कालका लागि सहकारीको सरोकाराका विषयहरू हुन सक्दछन् । त्यस्तै समाज सुधार, मानवीय सेवा, वातावरण संरक्षण, समाज सुधार सम्बन्धि जनचेतना अभिवृद्धि आदि क्षेत्रमा कसरी योगदान पुर्याउन सकिन्छ भन्ने चिन्तन र व्यवहारको लागि सहकारी संघ/संस्थाले संस्थागत प्रयास गर्नु नै यो मूल्यको पालना भएको मान्न सकिन्छ ।

***

# सुझाव तथा सल्लाह टिपोट

# व्यवस्थापन समुह



युनान कार्की
प्रमुख व्यवस्थापाक



बोधराज थापा
प्रबन्धक



दुर्गा प्रसाद श्रेष्ठ
बजार विभाग प्रमुख



स्वस्तिका वाईवा
जु. लेखा अधिकृत



सन्देव तामाङ
कर्जा सहायक



युनिता कार्की
रिसेप्सनिष्ट



सुवन तामाङ
कनिष्ठ कार्यालय सहायक



लक्ष्मी खड्का
बजार प्रतिनिधि



सबिन तामाङ
बजार प्रतिनिधि



सुदर्शन राउत
जुनियर बजार प्रतिनिधि



परु राई
जुनियर बजार प्रतिनिधि



सन्ध्या थापा मगर
कार्यालय सहयोगी

# तीर्थ मोबाइल बैङ्किङ्ग सेवा

**Banking Service**

## साकोसको सेवा सदस्यको औंलामा

**Inter Bank Fund Transfer**

**Utility Payment Service**

**Remittance**




**Mobile Top- up & Recharge Service**

**Scan & Pay**

**Load Wallet**

**Book Domestic Flights**

**Government Payment**

तीर्थ

सदस्यको सहकारी सदस्यको सेवामा

बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Tirtha Saving & Credit Cooperative Society Ltd.